का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक ३३८
- १७ माघ २०७८, सोमबार
- 31 January 2022, Monday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

पुनर्स्थापित प्रतिनिधिसभा

## सरकार बनाउनु नै उपलब्धी

दलीय राजनीतिक स्वार्थ पूरा गर्ने नेताहरूको आकांक्षाकै कारण पाँच महिनादेखि अवरुद्ध प्रतिनिधिसभाले शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनु बाहेक थप परिणाम दिन सकेको छैन ।

**कान्ति न्यौपान/मध्यान्ह**
काठमाडौं, १६ माघ ।

प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको निरन्तरको अवरोधका कारण दोस्रोपटक पुर्नस्थापित संघीय संसद् नियमित रुपमा चल्न सकेको छैन । पार्टीले पदुमक्त गरेको १४ सांसदलाई सभामुख अग्निप्रसाद सापकोटाले नहटाएको भन्दै एमालेले संघीय संसदमा कीर्तिमानी अवरोध गरिसकेको छ । एमालेले २०५७ सालमा ५७ दिनसम्म लगातार संसद् अवरोध गरेको थियो ।

यसपटक भने पाँच महिनादेखि एमालेको अवरोधकै कारण संसद् चल्न सकेको छैन । गएको २३ भदौदेखि एमालेले संसद् अवरोध गर्न थालेको थियो । संसद् अवरोधबीच सरकारले चालु आर्थिक वर्षको संशोधित बजेट ल्याएको थियो । तर एमालेको अवरोध नहटेपछि नवौं अधिवेशन ११ कात्तिकमा संसद् अधिवेशन अन्त्य गरिएको थियो ।

दशौं अधिवेशन गएको २८ मंसिरमा बोलाइयो । तर एमालेको अवरोध लगातार हुँदै आएको छ । पछिल्लो पटक भने सत्ता गठबन्धनकै कारण दश दिनका निम्ति संसद् स्थगित गरिएको छ । शनिबार सभामुख अग्निप्रसाद सापकोटाले २६ माघसम्मका लागि बैठक स्थगित गरेका छन् ।

राजनीतिक विश्लेषक मुमाराम खनाल, राजनीतिक प्रतिशोध साँधेर संसद् बन्धक बनाउन नमिल्ने तर्क गर्छन् । "यो एउटा राजनीतिक मुद्दा हो । यसलाई प्रतिशोध बनाएर एमालेले संसद अवरोध गर्नु अलोकतान्त्रिक कदम हो", विश्लेषक खनाल भन्छन् । पटकपटक विघटन भएको संसदलाई सत्तापक्ष र प्रतिपक्ष दुवै जिम्मेवार भएर निकाश दिनुपर्ने खनालको सुझाव छ ।

एमालेका प्रमुख सचेतक विशाल भट्टराई पार्टीबाट निष्कासित सांसदलाई नहटाएसम्म सदन चल्न नदिने तर्क गर्छन् । "सभामुख दल विभाजनमा सहयोगी बनेर एमालेले बर्खास्त गरेका १४ जना सांसदको पद जोगाइदिनुभएको छ । उनीहरुलाई नहटाएसम्म संसद् अवरोध जारी रहन्छ । एमाले पछि हट्दैंन", भट्टराई भन्छन् । सत्ता गठबन्धनले भने एमालेको उक्त कदम अलोकतान्त्रिक र अमर्यादित भएको बताउँदै आएको छ ।

सभामुख अग्नि सापकोटाले पनि पटकपटक निर्वाध संसद सञ्चालनमा सहयोग गर्न एमालेसँग पटकपटक पटक वार्ता गरेका छन् । तरपनि एमालेले आफ्नो अडान नछोड्दा पुर्नस्थापित संसद एमालेको बन्दक बन्न पुगेको हो ।

सत्ता गठबन्धन खुसी !

एमालेले निरन्तर संसद अवरुद्ध गर्दै आएपनि सत्तागठबन्धन संसदलाई निकाश दिनेतर्फ देखिएको छैन । सभामुखले छलफलका लागि एमालेलाई आह्वान गरेपनि गहन छलफल र ठोस् परिणाम आउन सकेको छैन । बरु, बाहिर संसद अवरोध गलत भएको टिप्पणी दिने गठबन्धन आन्तरिक रुपमा भने खुसी भएको विश्लेषक खनाल बताउँछन् ।

एमालेको काम कारबाहीले अध्यादेशबाट काम चल्ने देखिन्छ, जसले गर्दा गठबन्धलाई विधेयक ल्याउन पनि सजिलो भएको छ । "तर, अर्कातिर भ्रष्टाचार र अनियमितता बढाएको

– बाँकी पृष्ठ २ मा





"राजनीतिक मुद्दालाई प्रतिशोध बनाएर एमालेले संसद अवरोध गर्नु अलोकतान्त्रिक कदम हो । संसदको गतिरोधलाई निकास दिन सत्तापक्ष र प्रतिपक्ष दुवै जिम्मेवार हुनुपर्छ ।"

**मुमाराम खनाल**
राजनीतिक विश्लेषक



"सभामुख दल विभाजनमा सहयोगी बनेर एमालेले बर्खास्त गरेका १४ सांसदको पद जोगाइदिनुभएको छ । उनीहरुलाई नहटाएसम्म संसद अवरोध जारी रहन्छ ।"

**विशाल भट्टराई**
प्रमुख सचेतक, एमाले

## घट्यो संक्रमण दर

कोरोनाको तेस्रो भेरियन्ट ओमिक्रोनको संक्रमण केही दिन यता घटेर गएको छ । तर मृत्यु हुने संख्या भने अझै उच्च छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १६ माघ ।



कोरोना भाइरसको तेस्रो भेरियन्ट ओमिक्रोनका कारण फैलिएको संक्रमणबाट मृत्यु भएका ३२ जनाको विवरण आइतबार सार्वजनिक भएको छ । श्री विरेन्द्र हस्पिटलले ढिलो जानकारी दिएको १२ जना र बितेको चार दिनमा २० जनाको मृत्यु भएको विवरण स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सार्वजनिक गरेको हो ।

मन्त्रालयले यसअघि १५ माघमा ६ जना, १४ माघमा १० जना र १३ माघमा १५ जनाको मृत्यु भएको विवरण सार्वजनिक गरेको थियो । १३ माघमा सार्वजनिक भएको मृतक विवरण तेस्रो लहरको संक्रमणबाट दोस्रो उच्च मृत्युदर थियो । त्यसअघि ८ माघमा संक्रमणबाट एकैदिन १६ जनाको मृत्यु भएको थियो ।

मृत्यु दर उस्तै रहेपनि संक्रमण दर भने केही दिन यता घटेको छ । आइतबार ३,५४० जनामा संक्रमण पुष्टि भएको छ । आइतबार १३,१४५ जनामा परीक्षण गरिएको थियो । यो भनेको २६ प्रतिशत संक्रमण दर हो ।

पुस तेस्रो सातादेखि समुदाय स्तरमा देखिन थालेको ओमिक्रोनको संक्रमण ५० प्रतिशत भन्दा माथि पुगेको थियो । परीक्षण गराएको मध्ये आधामा संक्रमण पुष्टि हुँदै आएकोमा केही दिन यता भने संक्रमणदर घटेर गएको छ । १५ माघमा १४,५६२ जनामा परीक्षण गरिएकोमा ४,९०४ जनामा संक्रमण पुष्टि भएको थियो । १४ माघमा १९,८६९ जनामा गरिएको परीक्षणमा ६,८२७ संक्रमित देखिएका थिए ।

निको हुने संख्या पनि बढेर गएको छ । आइतबार संक्रमित हुने भन्दा दोब्बर संक्रमित निको भए । स्वास्थ्य मन्त्रालयको प्रतिवेदनअनुसार, ६,३५९ जना संक्रमित निको भए । तर सक्रिय संक्रमित संख्या भने अहिले पनि उच्च छ । देशभर ८३,९९९ जना उपचारत छन् ।

त्यसमध्ये राजधानी उपत्यकामा संक्रमण संख्या उच्च छ । काठमाडौंमा ३५,१५९, ललितपुरमा १०,०७० र भक्तपुरमा ५,५८२ जना संक्रमित छन् ।

**कोरोना अपडेट**

| | |
|---|---|
| संक्रमित | : ३,५४० |
| परीक्षण | : १३,१४५ |
| मृत्यु | : ३२ |
| निको हुने | : ६,३५९ |




## गठबन्धनमा खटपट !

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १६ माघ ।



लगातारको छलफलपछि शनिबार सत्ता गठबन्धनका दलहरू आगामी जेठभित्र स्थानीय चुनाव गराउन सहमत भएका छन् । प्रधानमन्त्री एवम् नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाले सत्ता साझेदार दलका प्रमुखहरुसँग लामो छलफल गरेपछि शनिबार गठबन्धनको बैठक बोलाएका थिए । उक्त बैठकले जेठभित्र स्थानीय चुनाव गराउने र त्यसका लागि स्थानीय तह निर्वाचन ऐन संशोधन गर्ने निर्णय गरेको थियो ।

तर शनिबारको बैठकपछि सत्ता गठबन्धनका नेताहरुको कुनै सार्वजनिक अभिव्यक्ति आएको छैन । यति ठूलो राजनीतिक निर्णयप्रति नेताहरुको मौनता देखिनुले गठबन्धनमा खटपट आएको अनुमान गरिएको छ । काँग्रेसभित्रै संस्थापन इतर नेताहरुले निर्धारित मितिमै चुनाव हुनुपर्ने बताएका छन् । डा.शेखर कोइराला समूहका नेताहरुले निर्धारित मिति भनेर वैशाखमै चुनाव गर्न संकेत दिएका हुन् । गएको १० माघमा यो समूहको भर्चुअल बैठक बसेर वैशाखभित्रै स्थानीय चुनाव हुनुपर्ने निष्कर्ष निकालेका थिए ।

तर गठबन्धनका दलहरु नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र जनता समाजवादी पार्टी (जसपा) का नेताहरुको दबावमा प्रधानमन्त्री देउवाले वैशाखमा नभएर जेठमा चुनाव गराउने निष्कर्ष निकाले ।

> एमसीसी, स्थानीय चुनाव, संघीय संसद अवरोध लगायत राष्ट्रिय राजनीतिक एजेण्डामा प्रधानमन्त्री शेरबहादुर देउवा दोहोरो दबावमा परेका छन् । स्थानीय चुनाव जेठभित्र गर्ने गठबन्धनको निर्णयमा सहमत भएपनि अन्य एजेण्डामा प्रधानमन्त्री देउवा दोधारमै देखिन्छन् ।

तर जेठमा चुनाव गराउन पनि ऐन संशोधन गर्नुपर्ने भएको छ । किनकि ऐनले आउने ५ जेठमा जनप्रतिनिधिहरुको कार्यकाल सकिने व्यवस्था गरेको छ । स्रोतका अनुसार, स्थानीय चुनाव जेठमा गर्ने सहमतिपछि नेताहरुको मौनताको पछाडि गठबन्धनमा आएको खटपट मुख्य कारण हो । "स्थानीय चुनावसँगै प्रधानमन्त्री एमसीसीबारे निर्णय लिन चाहन्थे । तर गठबन्धनका नेताहरु तयार भएनन्", बालुवाटार निकट स्रोत भन्छ । ती स्रोतका अनुसार, प्रधानमन्त्री देउवाले भने एमसीसी अनुमोदन नगराए गठबन्धन तोड्ने चेतावनी दिएका छन् ।

गठबन्धनमा रहेका नेताहरुले भने एमसीसी संशोधन अनुमोदन गराउनु भन्दा बरु गठबन्धन तोड्न तयार हुने जवाफ दिएका छन् । प्रधानमन्त्री देउवाले भने एमसीसी अनुमोदन गराउन आफूमाथि दबाव रहेकाले एमालेसँग मिलेर भएपनि पारित गराउने संकेत दिएका छन् । अर्थात्, स्थानीय चुनावबारे निर्णयजस्तै एमसीसी र संसद्को गतिरोध हटाउन प्रधानमन्त्री देउवा दोहोरो दबावमा परेका छन् ।

एमाले अध्यक्ष ओलीले सभामुख सापकोटा हटाएर एमसीसी अनुमोदन गर्नेगरी संसद्

– बाँकी पृष्ठ २ मा

## वैदेशिक रोजगारको ठगी, गुनासो र पीडा सुन्न २४ सै घण्टा कल सेन्टर

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ माघ

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारीसम्बन्धी गुनासो सुनुवाइ गर्न कल सेन्टर सञ्चालनमा ल्याएको छ । श्रम मन्त्रालयमा चौबीसै घण्टा सेवा उपलब्ध हुने गरी स्थापना गरिएको कल सेन्टरको आइतबार मन्त्रालयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री कृष्ण कुमार श्रेष्ठले सुरुवात गरेका हुन् ।

कल सेन्टरमा वैदेशिक रोजगारी सम्बन्धि गुनासाहरु निः शुल्क फोन, भाइवर, फेसवुकलगायत बिभिन्न माध्यमबाट टिपाउन सकिने छ । कल सेन्टरमा सेवाग्राहीहरुको गुनासो तत्काल सुनुवाई गर्नका लागि मन्त्रालयले मन्त्रीको सचिवालयको मोबाइल नम्बरः ९८२३२५६७०४, ९८२३२५६७०६ र मन्त्रालयमा रहेको कल सेन्टरको नम्बर +९७७१५९७००८ वा टोल फ्री नम्बर ११४१ मा निःशुल्क टेलिफोनको व्यवस्था गरिएको छ भने इमेलको पनि व्यवस्था गरिएको छ ।

सो कल सेन्टरमा वैदेशिक रोजगारमा गएकाहरुको गुनासो वा पीडा तत्काल सम्बोधन गर्न प्रहरीको टिम पनि परिचालन गर्ने व्यवस्था गरिएको छ ।

६ जना कर्मचारीहरुले सो कल सेन्टरबाट २४ सै घण्टा सेवा दिने मन्त्रालयका सचिव एकनारायण अर्यालले जानकारी दिए । उनले वैदेशिक रोजगारीमा गएकाहरुको गुनासो सुनुवाइ गरी तत्काल समाधान गर्नका लागि आवश्यक सुझाव दिन पनि सम्बन्धित सबै पक्षलाई आह्वान गरे । उनले सो कल सेन्टरले वैदेशिक रोजगारको क्षेत्रमा देखिएका विकृतिलाई न्यूनिकरण गर्दै लैजाने विश्वास समेत व्यक्त गरे ।

यसअघि पनि सञ्चालनमा रहेको कल सेन्टरलाई वैदेशिक रोजगारीसम्बन्धी गुनासो सुनुवाइ गर्न एकीकृत कक्षका रुपमा व्यवस्थित गरी सुरु गरिएको मन्त्रालयले जनाएको छ । श्रममन्त्री श्रेष्ठले वैदेशिक रोजगारीको सन्दर्भमा नेपाली नागरिकलाई अलपत्र पार्ने जो सुकै संस्था वा व्यक्तिलाई प्रचलित कानुनबमोजिम कारबाहीको दायरामा ल्याउने र पीडितलाई न्याय दिलाउने प्रतिबद्धता जनाएका छन् ।

मन्त्रालयले स्थापना गरेको कल सेन्टर तथा वैदेशिक रोजगारीसम्बन्धी गुनासो सुनुवाइ कक्ष उद्घाटन गर्दै मन्त्री श्रेष्ठले पीडितको गुनासो सुनुवाइका लागि प्रतिउत्तर कार्यटोली तथा प्रहरीको समेत सहभागितमा मार्सल टोली गठन गरी दोषीलाई कारबाही

– बाँकी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

### जापान छोडेर गाउँमै उद्यमी बन्ने बस्नेतको योजना

**गलकोट/रासस–** गाउँ छाडेर जापान जाने गलकोटे युवाहरूको जमातका बीच एक युवाले जापानको बसाइ छोट्याएर गाउँ फर्केर बाख्रापालनमा लागेका छन् । बागलुङ गलकोट नगरपालिका-५ भैंसे बाँसबारीका रमेश बस्नेत आठ वर्षको जापान बसाइ टुंग्याएर बाख्रापालन व्यवसाय थालेका हुन् । गाउँका युवाको लहैलहैमा जापान पुगेका उनी अहिले पसन गाउँमै फर्केर पेशा व्यवसायमा रमाउन थालेका हुन् ।

आठ वर्ष अगाडि विद्यार्थी भिसामा जापान पुग्नुभएका उनले त्यहाँ विभिन्न दुःखकष्ट सहनुपर्यो

– बाँकी पृष्ठ २ मा

# पशुपतिमा अतिक्रमित टहरा हटाउन मन्त्री आलेको निर्देशन

**काठमाडौं/मस**–संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री प्रेमबहादुर आलेले पशुपतिनाथ मन्दिर क्षेत्रमा अतिक्रमण गरी निर्माण गरिएका टहराहरू हटाउन निर्देशन दिएका छन् ।

आइतबार उक्त क्षेत्रको निरीक्षण तथा अनुगमनमा गएका मन्त्री आलेले पशुपतिनाथ क्षेत्रमा रहेका सरकारी जमिन अतिक्रमण गरी निर्माण गरिएका टहराहरू १५ दिनभित्र हटाउन निर्देशन दिएका हुन् ।

उनले भने, 'गुहेश्वरीमा थुप्रै ठाउँमा टहराहरू बनाएर कब्जा गर्ने र अतिक्रमण गर्ने काम भएको छ, यहाँ बनाइएका टहरा हटाउन निर्देशन दिएको छु, अतिक्रमण गर्न पाइँदैन ।'

यसैगरी मन्त्री आलेले पशुपति क्षेत्र विकास कोषको हाताभित्र थुप्रै



विकृति भएका र विगतमा सदस्य सचिव भएकाहरूले मनपरी ढंगबाट काम गरेका तथा विकास कोषमा कुनै पनि मासिक भाडा नआउने गरी निःशुल्क रूपमा गाईपालनका लागि जमिन दिएको पाइएकाले ती विकृतिको अन्त्य गर्ने बताए ।

'पशुपति क्षेत्र विकास कोषबाट अनुमोदन नै नगरी कतिपय ठाउँ र जमिन भाडामा दिइएको देखियो, यस्ता विकृति अन्त्य हुन्छ' उनले भने ।

पशुपति क्षेत्र विकास कोषको हाताभित्र रहेका क्रियापुत्री बस्ने ठाउँलाई व्यवस्थित गर्नका लागि पहल भइरहेको समेत मन्त्री आलेले अनुगमनका क्रममा जानकारी गराएका थिए ।

क्रियापुत्री बस्ने ठाउँमा तातो, चिसो पानीको व्यवस्थापन हुने मन्त्री आलेले दाबी गरे । यसैगरी मन्त्री आलेले गोठाटारमा रहेको जग्गा पनि अतिक्रमण भएकाले त्यो पनि १५ दिनभित्र हटाइने जानकारी दिए ।

पशुपति मन्दिर क्षेत्रमा जम्मा हुने फोहोरहरू व्यवस्थापनका लागि काम अगाडि बढाउनसमेत मन्त्री आलेले कोषका पदाधिकारीहरूलाई निर्देशन दिएका थिए ।

## समयमै स्थानीय तहको निर्वाचन गर्न बारको अपिल

काठमाडौं/मस-नेपाल बार एशोसिएशनले नेपालको संविधान र प्रचलित निर्वाचनसम्बन्धी कानून समेतका आधारमा सबै तहका निर्वाचन समयमा नै गर्न सरकारसँग अपिल गरेको छ ।





बारका महासचिव अधिवक्ता लीलामणि पौडेलले आइतबार प्रेस विज्ञप्ति जारी गर्दै समयमै सबै स्थानीय तहको निर्वाचन गरी लोकतन्त्रको रक्षा र सम्बर्द्धन गर्ने कार्यमा लाग्न सरकार तथा सम्बन्धित सबैसँग अपिल गरेका छन् ।

'कुनै आग्रह, पूर्वाग्रह, अनुकूलता, प्रतिकूलतालाई विचार गरेर निर्वाचन गर्ने नगर्ने भन्ने विषय हुन सक्दैन,' विज्ञप्तिमा भनिएको छ, 'कुनैपनि बहानामा निर्वाचन नगरी वा पर सारी स्थानीय तहलाई रिक्त बनाउने कुरा संविधान र कानुन विपरीत मात्र नभइ लोकतन्त्र र विधिको शासनको समेत उपहास हुन जान्छ ।'

नेपालको संविधानले स्थानीय तह, प्रदेश संसद् र संघीय संसद्, राष्ट्रियसभा लगायतका निकायको आवधिक निर्वाचनको व्यवस्था गरेको छ । त्यस्ता निकायको शून्यताको परिकल्पना संविधान र निर्वाचनसम्बन्धी कानुनले गरेका छैनन् । 'वालिग मताधिकारको आधारमा आवधिक निर्वाचनबाट नै वास्तविक लोकतन्त्रको रक्षा र सम्बर्द्धन हुने कुरामा कसैको दुईमत हुन सक्दैन', प्रेस विज्ञप्तिमा भनिएको छ, 'हाल स्थानीय तहको अवधि समाप्त हुन लागेको र यसको नियमित निर्वाचन गर्नुपर्ने विषयमा आएका समाचारप्रति गम्भीर ध्यानाकर्षण भएको छ ।'

## खाल्डोभित्र पुरिएका दुवै जनाको सनाखत

**विराटनगर/मस**– मोरङको धनपालथान गाउँपालिका-७ स्थित उखुबारीमा खाल्डोबाट निकालिएका दुवै शवको सनाखत भएको छ । माघ १३ र १४ गते उखुबारीको खाल्डोबाट उत्खनन गरिएको दुईवटा शव सप्तरी घर भएका शम्भु चौधरी र सुनसरीको धरान घर भएका राजेन्द्र कुमार श्रेष्ठको रहेको पुष्टि भएको छ ।



चौधरी सप्तरीको शम्भुनाथ नगरपालिका-४ का स्थानीय हुन् । उनी काठमाडौंको क्षेत्रपाटी बस्थे । श्रेष्ठ सुनसरीको धरान उपमहानगरपालिका-३ का स्थानीय हुन् । ४९ वर्षका राजेन्द्र कुमार श्रेष्ठ र चौधरी काठमाडौंबाट एक महिनाअघि सँगै बिराटनगर गएको प्रहरीको अनुसन्धानबाट खुलेको छ । श्रेष्ठ भक्तपुरको लोकन्थलीमा परिवारसँग बस्थे । 'उनी एक महिनाअघि भक्तपुरबाट हिँडेको थाहा भएको छ' प्रहरीका अनुसार श्रेष्ठको 'परिवारसँग एक महिना अघिदेखि सम्पर्क भएको देखिँदैन् ।'

लेनदेनको विवादमा दुवै जनाको सँगै हत्या भएको हुनसक्ने प्रहरी स्रोतले बताएको छ । प्रहरीले विराटनगर, झापा र काठमाडौंका केही शंकास्पद व्यक्तिमाथि सोधपुछ गरिरहेको छ ।

प्रहरीका अनुसार दुवै जनाको हत्यापछि गाड्ने प्रकृति एउटै थियो । दुवैको घाँटीमा डोरीको डाम थियो । खाल्डोमा नुन हालेर गाडिएका दुवैलाई यातनापछि हत्या गरेर उखुबारीमा गाडेको जस्तो देखिएको प्रहरी स्रोतको भनाइ छ ।

## केशरमहल परिसरको सम्पत्ति संरक्षण गरिने

**काठमाडौं/मस**– शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री देवेन्द्र पौडेलले केशरमहलस्थित केशर पुस्तकालय परिसरको भौतिक सम्पत्तिलाई सरकारले संरक्षण गर्ने बताएका छन् ।

मन्त्री पौडेलले आइतबार उक्त स्थलमा भइरहेको पुनः निर्माणका कामको निरीक्षणपछि त्यहाँको जग्गा निजी क्षेत्रलाई प्रयोग गर्न नदिइने स्पष्ट गरे । उनले उक्त जग्गा निजी क्षेत्रलाई दिने भन्ने कुनै हल्लाको पछि नलागेर उक्त क्षेत्रको जग्गालाई संरक्षणमा लाग्न कर्मचारीहरूलाई निर्देशन दिए । मन्त्री पौडेलले विकास समिति बनाएर त्यहाँको ३४ रोपनी जग्गाको उपयोग गरिने जनाए ।

विगतमा सो स्थलमा शिक्षा मन्त्रालयसमेत रहेकामा हाल मन्त्रालय सिंहदरबारमा सरेको छ भने उक्त परिसरमा स्वप्न बगैँचा रेष्टुरेन्ट सञ्चालित छ । केशर शमशेरले आफ्नो निजी पुस्तकालय सरकारलाई दान दिएपछि विसं २०२६ देखि सरकारले सञ्चालन गर्दै आएको छ ।

## 'प्रतिपक्षीको भावना, सरकारको मार्गदर्शन'

**कर्णाली/मस**–कर्णाली प्रदेश सरकारका मुख्यमन्त्री जीवनबहादुर शाहीले प्रतिपक्षीको भावना सरकारका लागि मार्गदर्शन भएको बताएका छन् । प्रतिपक्षी दलले दिएको सुझाव ग्रहण गरेर अगाडि बढ्ने पनि उनले विश्वास दिलाए ।

कर्णाली प्रदेशसभाको नवौँ अधिवेशनको आइतबार बसेको तेस्रो बैठकलाई सम्बोधन गर्दै मुख्यमन्त्री शाहीले प्रतिपक्षीले उठाएका सवाल निःस्वार्थ र सुशासन कायम गर्न सघाउने बताए ।

उनले भने, 'प्रमुख प्रतिपक्षीले प्रदेश सरकारले कार्यान्वयनका क्रममा गरेका कमीकमजोरीलाई सुधार गरेर अगाडि बढ्ने मार्ग प्रशस्त गरेको छ । यसलाई आत्मसात् गर्नेछौं ।'

सरकारको दायित्व सदनप्रति जवाफदेही हुनुपर्छ भन्ने विषयमा सचेत रहेको भन्दै मुख्यमन्त्री शाहीले बजेट निर्माणमा तीन तहका सरकारबीच तारतम्यता नमिल्दा अन्योलता बढेको र यसले टुक्रे योजना बन्ने प्रक्रियालाई प्रोत्साहन गरेको बताए ।

प्रदेश सरकारको बजेट त्यही अवस्थामा गएको बताउँदै उनले गर्दै सिक्दै अगाडि बढ्ने बताए ।

कानुनले वर्जित नगरुन्जेलसम्म सरकार बजेट तथा योजना कार्यान्वयनमा तत्परताका साथ लाग्ने उनको भनाइ थियो । मुख्यमन्त्री शाहीका अनुसार ११ देखि १७ वर्षका ८० प्रतिशत बालबालिका, १२ हजार नागरिकलाई बुस्टर र ७० प्रतिशतले दोस्रो खोप लगाइसकेको छ भने कालीकोट, प्रदेश अस्पताल सुर्खेतसहित गुर्भाकोट नगरपालिका सुर्खेतमा प्रतिमिनेट २५० एमएल उत्पादन गर्न सक्ने क्षमताको अक्सिजन प्लान्ट स्थापना भएको जानकारी दिए ।

त्यस्तै प्रदेश सरकारका अनुसार कोहलपुर सुर्खेत जोड्ने १३२ केभीको ट्रान्समिसन लाइन तान्ने काम भएको छ । पौने तीन महिनामा तीन सुत्केरीको उद्धार गरिएको छ ।

## चिसोबाट जोगिन अपनाइने कार्यप्रति सावधानी अपनाउन अनुरोध

**काठमाडौं/मस**–महानगरीय प्रहरी परिसरले चिसोबाट जोगिन अपनाइने कार्यमा लापरबाही हुँदा ज्यानै जानसक्ने भएकाले विशेष सावधानी अपनाउने अनुरोध गरेको छ ।

परिसरले आइतबार एक सूचना जारी गरी चिसो बढिरहेको समयमा यसबाट जोगिन प्रयोग गरिने हिटर, कोइलालगायतका सामग्री प्रयोग गर्दा कोठामा अक्सिजन नष्ट हुनाका साथै कार्बन मोनोअक्साइडसमेत बनेर मानवीय क्षति गराउन सक्ने भन्दै त्यसतर्फ सावधानी अपनाउन आग्रह गरेको छ ।

परिसरले यस्ता गतिविधिले कोठाभित्र अक्सिजन कम हुँदै जाँदा सुरुमा टाउको दुख्ने, वाकवाकी लाग्ने, रिंगटा लाग्ने र निस्सासिएर बेहोस् भई अन्ततः मानिसको मृत्यु हुने भएकाले त्यसप्रति सचेत हुने भनेको छ ।





मुख्यगरी आफूबाहिर निस्किँदा बन्द कोठामा हिटर बालेर नछाड्न, ढोका झ्यालका छिद्राहरूमा बोरा, कपडा राखी हिटरलगायतका विद्युतीय उपकरण नबाल्न, चुलो, मकल, कराइमा दाउरा कोइला बाली रातभर कोठाभित्र नराख्न, झ्याल ढोका बन्द गरी ग्यास गिजरको प्रयोग नगर्न, विद्युतीय उपकरणमा काम सकाएपछि पनि स्विच अन गरेर नछाड्न र ग्यास सिलिन्डरलाई काम सकिएपछि बन्द गर्न प्रहरीले सबैमा अनुरोध गरेको छ । यस्तै प्रहरीले चाँडै जल्ने सामग्री चुलो नजिक नराख्न पनि आग्रह गरेको छ ।

### पुनर्स्थापित...

छ । सरकारको काम प्रभावकारी हुन सकेको छैन", विश्लेषक खनाल भन्छन् । एमालेले संसद् अवरुद्ध गरेर प्रमुख प्रतिपक्षी दलले मनलाग्दी निर्णय गर्ने अवशर पाएको उनको बुझाई छ ।

अर्कोतिर, सत्तागठबन्धन एमालेलाई पेलेर जानसक्ने अवस्थामा पनि देखिदैँन । किनकि प्रतिनिधिसभाको सवैभन्दा ठूलो दल अहिले पनि एमाले हो । अर्थात् दोस्रोपटक पुनर्स्थापित प्रतिनिधिसभाले काँग्रेस सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनु बाहेक उल्लेख्य काम गर्न सकेको छैन । एमाले अध्यक्ष केपी शर्मा ओलीले दोस्रोपटक विघटन गरेको संसद् पुनर्स्थापना गर्दै सर्वोच्च अदालतले गएको २८ असारमा देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो ।

### वैदेशिक...

गर्न शुरु गरिएको बताए । पछिल्लो समय वैदेशिक रोजगारीको प्रलोभन देखाएर पर्यटन तथा अन्य भिसामा खाडी क्षेत्रका विभिन्न मुलुक, दक्षिणपूर्वी एशियाली मुलुक, युरोपेली तथा अमेरिकी मुलुक र अफ्रिकी महादेशका देशमा गैरकानुनी रुपमा पुऱ्याई नेपाली नागरिकलाई अलपत्र पारेको, ठगीमा परेको, विभिन्न समस्या तथा अप्ठ्यारोमा परेको भनी दिनहुँ गुनासो आउने गरेपछि मन्त्री श्रेष्ठको निर्देशनमा मन्त्रालयमै गुनासो सुनुवाइ कक्ष स्थापना गरिएको हो ।

### जापान..

विदेशमा निकै दुःख गरेका उनले अहिले गलकोट-९ गल्याङमा व्यावसायिक बाख्रापालन सुरु गरेका छन् । उनले व्यवस्थित खोर बनाएर अहिले माउ बाख्रा र पाठापाठीको व्यवस्थापन गर्दै छन् ।

व्यवसायी बस्नेतले प्रविधिक शिक्षा हासिल गरे पनि पेशा भने किसानको अँगालेका छन् । पोखरा इञ्जीनियरिङ कलेजबाट डिप्लोमा इञ्जीनियरिङ अध्ययन गरेका उनले पढाइ र पेशा भन्ने विषय फरक भएको बताए ।

'पढाइ र पेशा भन्ने विषय हाम्रोजस्तो मुलुकमा नितान्त फरक छ, पढाइअनुसारको जागिरको ग्यारेन्टी छैन, दुःख गरेर पढ्यो, कि त विदेशिनुपर्छ कि अरु कुनै पेशा समात्नु पर्छ,' उनले भने, 'म इञ्जीनियर हुँ, यसअनुसारको जागिर पाउन मुस्किल पर्छ ।'

उनले गल्याङगाउँमा ६० लाख लगानीबाट बोयरजातका बाख्रापालन व्यवसाय सुरु गरेका हुन् । उनको फार्ममा अहिले साना-ठूला गरी ३३ बाख्रा छन् । बाख्रापालनमा भविष्य खोजिरहनुभएका ३२ वर्षीय बस्नेत डिप्लोमा इञ्जीनियरिङ अध्ययनपश्चात विदेश गएका थिए ।

फार्म स्थापना गरेको ठाउँ बाख्रापालनका लागि अति उपयुक्त छ र घाँसपातको राम्रो व्यवस्था भएको उनको भनाइ छ । उनले भने, 'विदेशमाजस्तो दुःख गाउँ गरे यहाँ पनि मनग्य आम्दानी गर्न सकिन्छ ।' व्यवसायी बस्नेतले आफू सुरुमा साथीहरूको लहलहैमा लागेर जापान गएको जनाउँदै अब आफू गाउँमै उद्यमी बन्ने बताए ।

### गठबन्धनमा...

सञ्चालनमा ल्याउने विकल्प प्रधानमन्त्री देउवासँग राखेका छन् । एमालेको अवरोधका कारण लगातार पाँच महिनादेखि संसद चल्न सकेको छैन ।


**कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०७८/१०/१७**

**ग्लोवल विजनेस कोओर्डिनेशन प्रा.लि., का.म.न.पा.–१०, काठमाडौं**को मिति २०७८/०९/१० मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **काठमाडौं इन्टरनेशनल कन्सल्टेन्सी प्रा.लि. (प्रा. लि. नं.: १४८५११),का.म.न.पा.–२८, काठमाडौं** कायम गर्ने गरी मिति २०७८/०९/२५ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

**प्रकाशित मिति २०७८/१०/१७**

यस कार्यालयमा मिति २०६५/०१/२४ मा दर्ता भएको प्रा.लि. **नं. ५३०८६** को **गार्निस होटेल एण्ड फेमिली रिसोर्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/१४ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**हक दावी सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०७८/१०/१७**

यस कार्यालयमा मिति २०६७/०१/१५ मा दर्ता भएको **प्रा.लि. नं. ७२५५४** को **डिलक्स कन्ष्ट्रक्सन प्रा.लि., पोखरा उप.म.न.पा.–१०, कास्की** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

**माडी नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बसन्तपुर, चितवन**
**वागमती प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आहवान सम्बन्धी सुचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०७८/१०/१७ गते)**

यस कार्यालयको चालु आ.व.२०७८/७९ मा तपशिल बमोजिमको सामान खरिदको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्मको नबिकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्र र आ.व. २०७७/७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिहरू संलग्न गरि रितपुर्बक सिलबन्दी दरभाउपत्र आहवान गरिन्छ ।

**दरभाउपत्रको विवरण**

| क्र.स. | ठेक्का न. | विवरण | ईष्टिमेट रकम | धरौटी रकम | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| 1 | SQ/MMO/05/078-79 | Procurement and Supply of Bee Hive of 10 frame including Bee | NRs.16,00,000.00 | NRs.40,000.00 | NRs.1000.00 |

१. सलबन्दी दरभाउपत्र फारम यो सुचना प्रकाशित भएको ७ औ दिन सम्म कार्यालय समय भित्र ईच्छुक योग्य फर्महरुवाट फारम वापत तोकिएको दस्तुर तिरको आधारमा यस कार्यालयवाट प्राप्त गर्न सकिनेछ र कृषि विकास बैंक माडी शाखामा रहेको धरौटी खाता न. ०५०८८००९१५९७७०९१ मा जमानत वापत जम्मा गरेको तोकिएको धरौटी रकमको सक्कल प्रति बैंक भौचर वा मान्यता प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ४५ दिन म्याद भएको बैंक ग्यारेण्टी सिलबन्दी दरभाउपत्रको साथ पेश गर्नुपर्नेछ ।
२. दरभाउपत्र सुचना प्रकाशित भएको ८ औं दिनको १२:०० बजे सम्म मात्र पेश गर्न सकिनेछ सोहि दिनको ठिक २:०० बजेदरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु र कार्यालयको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा दरभाउपत्र खोलिनेछ ।
३. दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
४. कार्यालयबाट प्राप्त हुने दरभाउपत्र फारममा सामानको प्रतिईकाई दरभाउ अंक र अक्षर दुवैमा स्पष्ट खुलाउनु पर्नेछ ।
५. रितपुर्बक पेश हुन नआएको दरभाउपत्र मान्य हुने छैन ।
६. दरभाउपत्र स्वीकृति गर्ने, नगर्ने तथा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ
७. दरभाउपत्र खरिद गर्ने एवम दाखिला गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुलेको दिन र समयलाई अन्तिम दिन मानिनेछ ।
८. थप जानकारीको लागि माडी नगरपालिकाको वेबसाईट www.madimunchitwan.gov.np मा हेर्न वा माडी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय बसन्तपुर चितवन मा सम्पर्क गर्न सकिन्छ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**Lumbini Cultural Municipality**
**Office of the Municipal Executive**
**Lumbini, Rupandehi**
**Lumbini Province**

**Notice for Opening of Financial Propsal**

**Date of Publication: 2078/10/17**

This is to notify all the concerned bidders, who have submitted their bids in response to the notice published in Nepal Samacharpatra National Daily Newspaper dated 2078/07/17 for the Construction of blacktop (Asphalt Concrete) Sano Paderiya Madarasha dekhi Shiva Mandir Hundai Mahasda Muglaha Sadak Nirman, Contract ID: LCM-NCB-22-2078/079, that the technical bids of the following bidders have been found qualified as per the detailed technical evaluation criteria set forth in the bidding document.

Financial proposals of all the technically qualified bidders will be opened on the day, time and venue as mentioned below. Persuant to Sub Clause 31(Nga)5 of Public Procurement Rule 2064, all the concerned bidders are informed to attend the opening of the financial proposals.

| S. N. | Name of Technically Qualified Bidders | Date, Time and Venue for Opening of Financial Proposals |
|---|---|---|
| 1. | M/S Rayamajhi-Asiyali-Lumbini J/V, Si.Na.Pa-09, Rupandehi | Date: 2078/10/24<br>Time: 11.00 Hrs<br>Venue: Lumbini Cultural Municipality Office, Rupandehi |

**Chief Administrative Officer**

२८ करोड राजस्व छली प्रकरण

# ११ महिनापछि धरौटीमा छुटे उमाशंकर



**काठमाडौं /मस–** सर्वोच्च अदालतको आदेशानुसार उमाशंकर रायभर २५ हजार धरौटी बुझाएर आइतबार थुनामुक्त भएका छन् ।

न्यायाधीशद्वय विश्वम्भरप्रसाद श्रेष्ठ र सपना प्रधान मल्लको इजलासले शुक्रबार उक्त धरौटीमा लिएर थुनामुक्त गर्न आदेश दिएको हो ।

अर्कै व्यक्तिले नागरिकता दुरुपयोग गर्दा रायभरलाई २८ करोड रुपैयाँ राजस्व छली गरेको अभियोग लागेको थियो ।

उच्च अदालत पाटनको ७५ लाख रुपैयाँ धरौटी तिर्न नसकेर रायभर गत फागुन १९ गतेदेखि नख्खु कारागारमा ११ महिना बसेर आइतबार थुनामुक्त भएका हुन् । सर्वोच्च अदालतको आदेशमा र ाजस्व चुहावटमा प्रत्यक्ष हानि-नोक्सानी गर्ने कार्यमा संलग्नता नदेखिएको र रायभरका नाममा सरोजकुमार मिश्रले लाभ लिएको देखिएको निष्कर्ष निकालेको हो ।

अदालतले पाटन उच्च अदालतको रु ७५ लाख धरौटी माग गर्ने निर्णय बदर गरेको थियो । आदेशमा भनिएको छ,'राजस्व चुहावटमा प्रत्यक्ष हानि-नोक्सानी गर्ने कार्यमा संलग्नता रहेको नदेखिनुको अतिरिक्त सो बिगोको दाबी अन्य मुख्य प्रतिवादीउपर समेत रहेको तथा निवेदकको आर्थिक अवस्था पारिवारिक स्थिति र कसुरबाट सिर्जित परिणाम तथा प्रस्तुत मुद्दाको विषयवस्तु, तथ्य र निवेदकको संलग्नताको स्थिति समेतको रोहबाट निवेदक प्रतिवादीबाट २५ हजार रुपैयाँ नगद वा जेथा धरौटमा गर्नु उपयुक्त छ ।'

सामान्य आर्थिक अवस्था भएका र पाँच कक्षा पास गरेका रायभरलाई बाराको परवानिपुर-१ मा ऐलानी जग्गामा बनेको कच्ची घरमा बस्दै आएका थिए । रायभरमाथि करिब रु २८ करोड राजस्व छलीको आरोप लागेको थियो । जागिरका लागि दिएका नागरिकता, फोटो र हस्ताक्षरजसहित व्यक्तिगत विवरण अर्कैले दुरुपयोग गरी कम्पनी खोलेर राजस्व छलेपछि उमाशंकर जेल परेका थिए ।

# 'जनताको सेवाका लागि सँधै तत्पर'

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, १६ माघ



कपिलवस्तु कृष्णनगर नगरपालिकाको आफ्नै भवन निर्माण सम्पन्न भएको छ। पालिका भवनको आइतबार एक कार्यक्रमबीच प्रमुख अतिथि कपिलवस्तु प्रतिनिधि सभा ३ का सांसद अभिषेक प्रताप शाहले उद्घाटन गरेका छन् ।

सो भवन निर्माणका लागि चार वर्ष अघि सांसद शाहले नै शिलान्यास गरेका थिए । आफैँले शिलान्यास गरेको चार तल्ले नवनिर्मित प्रशासनिक भवनको समुद्घाटन गर्न पाउँदा खुसी लागेको बताउँदै उनले नगरप्रमुख र जत प्रताप शाहलाई धन्यवाद दिए।

कार्यक्रममा सांसद शाहले आफ्नो पार्टी नेपाली कांग्रेस सरकारमा गएपछि कृष्णनगरदेखि हरिहरपुरसम्मको बाटो स्तरोन्तिका लागि २८ करोड रकम विनियोजित गराएको जानकारी दिए । संसदीय क्षेत्र र कृष्णनगरका लागि विभिन्न विकासका योजनाहरु स्वीकृत गरएको समेत उनले बताए ।

त्यस्तै नगरप्रमुख शाहले चार पुस्तादेखि राजनीति गर्दै आएको शाह परिवारले सत्तामा रहे वा नरहेपनि आफ्नो सामर्थ्य अनुरुप जनताको सेवाका लागि तत्पर भई कार्य गर्दै आएको बताए ।

वि.स २०७३ सालमा तत्कालिन कृष्णनगर लगायत वरपरका गाविसहरु समावेश भई दोस्रो पटक नगरपालिका घोषित गरिएको थियो ।

स्थानीय तहको संरचनाका आधारमा ठूलो भवनको आवश्यकता औंल्याउँदै नगरपालिकाले केसी कन्सट्रक्शन चन्द्रौटासँग सम्झौता गरेपछि निर्माण अघि बढेको थियो ।

कृष्णनगर नगरपालिकाका तत्कालिन प्रमुख प्रशासकीय अधिकृत हाल शिवराज नगरपालिकामा कार्यरत गणेश प्रसाद अर्यालले स्थानीय तह निर्वाचन २०७४ पछि भवन निर्माण सम्झौतालाई निरन्तरता दिएकाले नगरपालिकाले आफ्नो भवन पाएको भन्दै नेतृत्व पंक्तिलाई बधाई दिए।

नगरपालिकाका रोजगार संयोजक इश्वरी पौडेलले सञ्चालन गरेको कार्यक्रममा जसपा केन्द्रीय सदस्य रामबरन यादव, रामसेवक यादव, उद्योग वाणिज्य संघ कृष्णनगरका अध्यक्ष रामकुमार गुप्ता, लायन्स क्लबका दिनेशचन्द्र गुप्ता, अजय उपाध्यायलगायत नगर कार्यपालिका सदस्य एवं वडाध्यक्षहरु, कर्मचारी तथा सर्वसाधारणको उपस्थिति थियो ।

# पत्रकार वि.कको मृत्युबारे छानबिन माग



**काठमाडौं/मस–** समयमै उपचार नपाएर ज्यान गुमाएका पत्रकार एलबी विश्वकर्माको घटनाको न्यायिक छानबिन गरी दोषीलाई कारबाहीको माग गरिएको छ ।

श्रमजीवी पत्रकार संघ नेपालले परिवारलाई क्षतिपूर्ति दिनुपर्ने, परिवारलाई रोजगारी दिनुपर्ने र मृतकका छोराछोरीको पठनपाठनको व्यवस्था गर्नुपर्ने माग गर्दै आइतबार नयाँवानेश्वरस्थित सिभिल अस्पतालमा एक घण्टा धर्ना दिएको छ । टिभी टुडे टेलिभिजनमा कार्यरत पत्रकार विश्वकर्माको स्वास्थ्यमा अचानक समस्या देखिएपछि यही माघ ५ गते बुधबार राति ललितपुरस्थित पाटन अस्पताल पुर्‍याइएपछि उपचारकै क्रममा ६ गते बिहीबार बिहान ३ बजे निधन भएको थियो । संघले सिभिल अस्पतालले आफू खुसी छानबिन समिति गठन गरेको भन्दै तत्काल खारेज गरी नेपाल मेडिकल काउन्सिलको नेतृत्वमा न्यायिक छानबिन समिति गठन गर्नुपर्ने र पत्रकारलाई सिभिल अस्पतालसहित देशभरका अस्पतालमा निःशुल्क उपचारको व्यवस्था गर्नुपर्ने मागसमेत गरेको छ । श्रमजीवी-पत्रकार सङ्घ, नेपालको आग्रहपछि टिभी टुडे टेलिभिजन व्यवस्थापनले स्व विश्वकर्माको किरिया खर्चबापत तत्काल रु २१ हजार उपलब्ध गराएको थियो ।

## वाग्मती किनारका अनधिकृत संरचना हटाइने

**काठमाडौं/मस–** काठमाडौं गुह्येश्वरीबाट थापाथली पुलसम्मको वाग्मती किनारका दायाँबायाँ बनेका अनधिकृत अस्थायी एवं स्थायी संरचना हटाइने भएको छ ।

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले सार्वजनिक सूचना जारी गर्दै सात दिनभित्र अनधिकृत संरचना हटाउन आग्रह गरेको छ ।

नदी किनारमा बनेका अस्थायी संरचना तीन दिनभित्र र स्थायी संरचना सात दिनभित्र हटाउन समितिको आयोजना उपप्रमुख अमित रञ्जितले जारी गर्नुभएको सूचनामा उल्लेख छ। यसअघि पनि यस्ता संरचना हटाउन पटकपटक सार्वजनिक सूचना जारी गरी जानकारी गराइएकामा त्यसको बेवास्ता भएकाले पुनःसूचना प्रकाशन गर्न बाध्य हुनुपरेको समितिले जनाएको छ ।

तोकिएको समयभित्र अनधिकृत संरचना नहटाएमा समितिले आफैँ भत्काउने र लागेको खर्च संरचना निर्माण गर्ने व्यक्ति एवं पक्षबाट सरकारी बाँकी सरह उठाइने छ । समितिले यसअघि गोकर्णबाट गुह्येश्वरीसम्मको नदि किनारमा बनेका करिब चार दर्जन स्थायी एवं अस्थायी संरचना पनि हटाएको थियो ।

## प्रेस काउन्सिलद्वारा पत्रपत्रिकाको वर्गीकरण सार्वजनिक
## मध्यान्ह दैनिक राष्ट्रिय 'क' वर्ग मै



**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालले आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को पत्रपत्रिका वर्गीकरणको नतिजा सार्वजनिक गरेको छ ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा १० बमोजिम गठित पत्रपत्रिका वितरण सम्परीक्षण समितिको वर्गीकरण प्रतिवेदनको आधारमा आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ को वर्गीकरणको नतिजा आइतबार सार्वजनिक गरिएको हो ।

आर्थिक वर्ष २०७५/७६ को वर्गीकरणको लागि (प्रदेशस्तर १६६, राष्ट्रियस्तर १६५, स्थानीयस्तर ५५२) गरी ८८३ पत्रपत्रिका दर्ता भएका थिए ।

जसमध्ये 'क' वर्गमा २१९, 'ख' वर्गमा ४७६, 'ग' वर्गमा १३७, 'घ' वर्गमा १५ र नियमित तर हुबहु र वर्ग कायम नभएका ३६ पत्रपत्रिका रहेका छन् ।

त्यस्तै आर्थिक वर्ष २०७६/७७ को वर्गीकरणको लागि (प्रदेशस्तर १६९, र ाष्ट्रियस्तर १४९, स्थानीयस्तर ५६०) गरी ८७८ पत्रपत्रिका दर्ता भएका थिए । जसमध्ये 'क' वर्गमा २३९, 'ख' वर्गमा ४३१, 'ग' वर्गमा १६३, र नियमित तर हुबहु र वर्ग कायम नभएका ४५ रहेका छन् । यस्तै मध्यान्ह राष्ट्रिय दैनिक २०७५/७६ र २०७६/७७ मा 'क' मा परेको छ ।


**Invitation for Bids**

# मालारानी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**खनदह, अर्घाखाँची**

### सिलवन्दी बोलपत्र आह्वान

**प्रथम पटक प्रकाशित मिति २०७८/१०/१७**

मालारानी गाउँपालिका, गाउँ कार्यपालिका, खनदह अर्घाखाँची अन्तर्गत तपसिल बमोजिमको **तल उललेखित बिभिन्न सड्कहरुको स्तरउन्नती** कार्यको लागि सिलवन्दी दरभाउ पत्र द्वारा गराउनु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक निर्माण व्यवसायिक कर्ताहरुबाट निम्न शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्र मार्फत आह्वान गरिन्छ ।

१. शिलबन्दी दरभाउपत्र दस्ततुर रु १०००।०० एकहजार (फिर्ता नहुने गरी) यस कार्यालयको **मेघा बैंक खनदह शाखामा रहेको आन्तरिक राजश्व हि.नं.००४००१०११९७४३** जम्मा गरेको भौचर सहित आ.व.२०७८/०७९ सम्म मान्य भएको फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाण पत्र, व्यावसाय दर्ताको इजाजत र मू.अ. करमा दर्ता भएको प्रमाणपत्र आ.व.२०७८/०७९ सम्म मान्य भएको कर चुक्ता प्रमाणपत्र वा म्याद थप पत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी मिति २०७८/११/०२ गते कार्यालय समय सम्म मालारानी गाउपालिकाको कार्यालय बाट शिलबन्दी दरभाउपत्र खरिद गर्न सकिने छ ।
२. शिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका भर्नुपर्ने सबै विवरणहरु प्रष्टसँग भरी मिति २०७८/११/०३ गते दिउसो १२.०० बजे भित्र यस कार्यालयमा शिलबन्दी दरभाउपत्र दर्ता गराउनु पर्नेछ । दर्ता भएका शिलबन्दी दरभाउपत्र मिति २०७८/११/०३ गते दिनको १:०० बजे कार्यालयका प्रतिनिधि, बोलपत्रदाता एवं प्रतिनिधिहरुको रोहवरमा यसै कार्यालयमा खोलिने छ। शिलबन्दी दरभाउपत्र दाता वा निजका प्रतिनधिहरु उपस्थित नभएमापनि शिलबन्दि दरभाउपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन ।
३. शिलबन्दी दरभाउपत्र फाराम साथ तपसिलमा उल्लेखित जमानत धरौटी वापतको रकम यस कार्यालयको खनदह स्थित **मेघा बैंक ००४००१००८२२४३** खातामा नगद जम्मा गरेको भौचर वा यस कार्यालयको नाममा जारी भएको बैक जमानत (बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखि ७५ दिनसम्मको म्याद भएको) संलग्न गर्नु पर्ने छ ।
४. शिलबन्दी दरभाउपत्र खरिद गर्ने/दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा विदापछि कार्यालय खुलेको दिन हुनेछ ।
५. यसमा उल्लेखित सर्तहरु यसै बमोजिम र उल्लेख नभएका शर्तहरु प्रचलित कानून बमोजिम हुनेछ। साथै शिलबन्दी दरभाउ पत्र स्वीकृत/अस्वीकृत गर्ने अधिकार कार्यालयमा निहित रहेन छ ।
६. बोलपत्र सम्बन्धी अन्य जानकारी लिनु परेमा कार्यालय समय भित्र **९८५७०२३६२९/९८५७०६१४७२/९८५७०६६४३२** मा सम्पर्क गर्न वा **malaraniruralmun@gmail.com/hariji629@gmail.com** मा पठाउन सकिनेछ ।
७. दरभाउपत्र खरिद दस्तुर, लागत रकम र विडवण्ड रकमको विवरण निम्न अनुसार छ ।

**तपसिल**

| ठेक्का नं. | ठेक्काको नाम | बोलपत्र त्रदस्तुर रु. | विडबण्ड वा धरौटी र कमरु. | इस्टिमेट अंक भ्याट बाहेक | विडबण्ड मान्य अवधि | खरिद गर्ने अन्तिम मिति र समय | दाखिला गर्ने मिति र समय | खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|---|
| SQ/CON/MRM /R/28/2078/079 | रागामारे पात्ले हल्दे मोटरबाटो स्तरउन्नती कार्य मालारानी ९ गोखुङ्गा | 1000.00 | 25,500.00 | 887065.04 | ७५ दिन | २०७८/११/०२ दिनको ४ बजे सम्म | २०७८/११/०३ दिनको १२ बजे सम्म | २०७८/११/०३ दिनको १ बजे सम्म |
| SQ/CON/MRM /R/29/2078/079 | तल्ला हल्दे भुल्के मोटर बाटो स्तरउन्नती कार्य मालारानी ९ गोखुङ्गा | 1000.00 | 25,500.00 | 886151.75 | ७५ दिन | २०७८/११/०२ दिनको ४ बजे सम्म | २०७८/११/०३ दिनको १२ बजे सम्म | २०७८/११/०३ दिनको १ बजे सम्म |
| SQ/CON/MRM /R/30/2078/079 | पैयाछेडा टाकुरा बजेनी ठढा खोला पैयापाटा प्यूठान जोड्ने मोटरबाटो स्तरउन्नती कार्य मालारानी ८ | 1000.00 | 25,500.00 | 886178.67 | ७५ दिन | २०७८/११/०२ दिनको ४ बजे सम्म | २०७८/११/०३ दिनको १२ बजे सम्म | २०७८/११/०३ दिनको १ बजे सम्म |

**रमेश पन्थी**
**(प्रमुख प्रशासकिय अधिकृत)**



**कतारमा रोजगार** | कम्पनी : LAFFAN ALUMINUM FACTORY शहर: DOHA

पूर्व स्वीकृत मिति: २०७८/१०/१६ चलानी नं.: ६०१७३६७७ LT. No.:257117

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 6 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४६,०४६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labourer | 17 | 0 | | 1000 | ३२,८९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २४ गते (7 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**स्काई स्टार रिक्रुटमेन्ट प्रा. लि.**
पो. ब. नं.: १९१२२, फोन नं.: ०१-५९०२३४४, ५९०२३४५ । सुकेधारा-०४, काठमाडौं, नेपाल
Email: raza786md@yahoo.com, skystar1078@gmail.com,
info@skystarrecruitment.com, website: wwwskystarrecruitment.com
श्रम इजाजत नं. १०७८/०७३/०७४



**HOSPITALITY TRAINING**
गर्नु या गराउनु परेमा होटल सम्बन्धी कुनै पनि Training या Working Video बनाउनु परेमा Hilton Academy लाई सम्झनु होला ।

Hilton Academy Pvt.Ltd. A great place for career

कुनै पनि
Cook, Japanese Sushi, Bakery, Pastry, Pizza Burger Sandwich Maker, Kitchen Helper, Waiter, Bartender, Housekeeping Cleaner, Bell Boy, Room Attendant, Interview Preparation

विषयहरुलाई छोटो अवधीमा नै तालिम दिएर दक्ष बनाउने छौं ।



नोट: ६ महिने Professional Diploma in Hotel Management (PDHM) पढ्न चाहने विद्यार्थीहरुका लागि ३० % off मा ADMISSION OPEN गरिएको जानकारी गराउदछौं

सम्पर्क
**Hilton Academy**
of Hotel Management & Chulinary Arts
Basundhara Chowk, Near Ishanbal Hospital Kathmandu
01-4951313 H/P 9851195484

## सम्पादकीय


# संकटको संकेत

सत्ता साझेदार दलका नेताहरू आगामी जेठमा स्थानीय चुनाव गराउन तयार भएपनि कानूनी अड्चन फुकेको छैन । किनकि सत्ता गठबन्धनका नेताहरूले जेठ अन्तिम साता चुनावको मिति तय गर्ने सहमति जुटेको छ । तर स्थानीय निर्वाचन ऐन–२०७३ ले जनप्रतिनिधिहरूको कार्यकाल जेठ पहिलो साता सकिने व्यवस्था गरेको छ । ३१ वैशाख २०७४ मा पहिलो चरणको स्थानीय चुनाव भएको थियो । त्यसबेला निर्वाचित जनप्रतिनिधिको कार्यकाल सकिएको एक साताभित्र नयाँ जनप्रतिनिधिले शपथ गर्नुपर्ने ऐनले व्यवस्था गरेको छ । त्यसका लागि दुई महिना अगाडि स्थानीय चुनाव हुनुपर्ने ऐनमा छ । तर त्यो ऐनअनुसार, चुनाव नहुने पक्का छ । बरू ऐनअनुसार, जनप्रतिनिधिको कार्यकाल सकिएको दुई सातापछि मात्रै चुनाव गराउने सत्ता गठबन्धनमा सहमति जुटेको छ ।

सत्ता गठबन्धनको सहमतिमा स्थानीय सरकारलाई जनप्रतिनिधि नहुने परिस्थिति सिर्जना हुन नदिने ऐन संशोधन गरिनेछ । त्यसरी ऐन संशोधन गर्दा २ असोजपछि मात्रै कार्यकाल सकिने जनप्रतिनिधिहरूले पनि जेठभित्रै पद गुमाउनेछन् । अर्थात् स्थानीय चुनाव गराउने गठबन्धनमा सहमति भएपनि चुनाव हुनेमा अझ ढुक्क हुने अवस्था छैन । उसोत, जेठ अन्तिम साता चुनाव गराउने सहमतिमा गठबन्धनकै दलहरूभित्र पनि साझा मत बन्न सकेको छैन । सरकारको नेतृत्व गरिरहेको दल नेपाली काँग्रेसका संस्थापन इतरका नेताहरूले स्थानीय चुनाव वैशाखभित्रै हुनुपर्ने अडान छोडेका छैनन् । बरू, नयाँ विवाद गठबन्धनभित्र देखिएको छ । अमेरिकी सहायता परियोजना मिलिनियम च्यालेञ्ज कर्पोरेसन (एमसीसी) बारे गठबन्धनका दलहरूभित्र बिमति देखिन्छ ।

प्रधानमन्त्री एवम् काँग्रेस सभापति शेरबहादुर देउवा एमसीसी पारित नगराए गठबन्धन कायम रहन नसक्ने निष्कर्षमा पुगेका छन् । शनिबार बालुवाटारमा बसेको सत्ता गठबन्धनको बैठकमा प्रधानमन्त्री देउवाले सत्ता साझेदार दलका नेताहरूसँग एमसीसी पारित गराउन विपक्षी दल नेकपा एमालेसँग मिल्नुपर्ने अवस्था आउनसक्ने बताएका थिए । गठबन्धन दलका नेताहरूले पनि एमसीसी संशोधनबिना अनुमोदन गराउन नसकिने, बरू गठबन्धन तोड्न तयार रहेको जवाफ दिएका छन् । अर्थात् अझैपनि राजनीतिक कोर्स सुरक्षित स्थानमा पुगेको छ । अघिल्लो वर्ष प्रतिनिधिसभा विघटनको निर्णयसँगै असामान्य परिस्थितितिर धकेलिएको राजनीति अझैपनि संकटमुक्त देखिन्न । राजनीतिक नेतृत्वले यसप्रति सचेत रहेर सोच्न जरूरी देखिन्छ ।

# ऋषि कट्टेल पार्टी सिध्याउने काममा लागे



**लोकनारायण सुवेदी**
कार्यबाहक अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी

> अहिले कट्टेल जी पार्टीलाई नै बिलय गराएर केही हात पार्ने योजनामा हुनुहुन्छ । उहाँले टेलिभिजन कार्यक्रमबाटै सार्वजनिक रुपमा भन्नुभएको थियो 'मलाई करोडौं रुपैयाँ दिएका थिए, मैंले गरिन' ।

नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)बीचको एकतासँगै ऋषि कट्टेल नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको चर्चा चुलियो । गुमनाम कट्टेल नेतृत्वको नेकपालाई नै देखाएर सर्वोच्च अदालतले डबल नेकपालाई विघटन गरिदियो । कट्टेल नेतृत्वको नेकपा डबल नेकपाको विघटनसँगै चर्चामा आएको थियो । डबल नेकपाको विघटनसँगै अत्याधिक चर्चा र महत्व बटुलेको कट्टेल नेतृत्वको नेकपाभित्र भने त्यहि चर्चा र महत्वले विवाद जन्मायो । अहिले तत्कालिन समयदेखि उठेको विवाद पार्टी विभाजनको संघारमा पुगेको छ । चर्चामा रहेका ऋषि कट्टेललाई नै पार्टीभित्रको बहुमत समूहले कारबाही गरेको छ । प्रस्तुत छ, अध्यक्ष कट्टेललाई साधारण सदस्यसमेत नरहने गरि कारबाही गरिएको सन्दर्भमा मध्यान्ह राष्ट्रिय दैनिकका प्रतिनिधिले विभाजनसँगै नेकपाको कार्यबाहक अध्यक्ष बनेका लोकनारायण सुवेदीसँग पछिल्लो नेकपा विवादबारे गरिएको कुराकानीको सम्पादित अंश :

**अन्य पार्टीमा जस्तै एकले अर्कोलाई कारबाही गर्ने श्रृखंला तपाईंहरुको नेकपामा पनि देखियो नी, पार्टी अध्यक्षलाई नै निष्कासन गर्नुको कारण के होला ?**

ऋषि कट्टेलजीले पार्टी नै सिध्याउने गरी गतिविधि गर्नुभयो । सम्मेलन नै भाँडेर पार्टी कब्जाको योजना बनाउनु भयो । चैतको पहिलो साता बैठक बसेर सम्मेलनलाई पूर्णता दिने योजना बनिरहेका बेला उहाँले सम्मेलन नै नगर्दै पार्टी सिध्याउने योजना सार्नुभयो । उहाँले आँफु अध्यक्ष भएपछि सबै कुरा गर्न मिल्छ भन्ने ठान्नुभयो । उहाँले विरोधी सबैलाई निष्कासन गरेर आफुं मनमौजी पार्टी चलाउने ओली पारा अबलम्बन गर्नुभयो । यो कुनै व्यक्तिलाई कारबाही गरेको होइन । केन्द्रीय सचिवालय र केन्द्रीय समितिका बहुमत सदस्यले पार्टी जोगाउन लिएको निर्णय हो । यो पार्टी सदस्यहरुको निर्णय हो ।

**पार्टी विधानअनुसार सदस्यले अध्यक्षलाई कारबाही गर्ने कि अध्यक्षले सदस्यलाई कारबाही गर्ने ?**

हाम्रो विधानमा त्यस्तो छैन । अध्यक्षले स्पष्टीकरण सोध्न परे पनि केन्द्रीय सचिवालय वा केन्द्रीय समिति बैठक बोलाउनु पर्छ । जसले स्पष्टीकरण सोध्ने हो उसैले न्याय दिने हो भन्ने छ हाम्रो विधानमा । केन्द्रीय समिति बाहेक अन्यले कारबाही गर्न पनि पाउँदैन । अर्को तर्फ बहुमत सदस्यको निर्णय हो । यो कुनै समूह पक्षले गरेको निर्णय होइन ।

**तपाईंहरुले गरेको कारबाहीमाथि प्रश्न उठेको छ । के सम्मेलन आयोजक कमिटीले अध्यक्षलाई कारबाही गर्न मिल्छ ?**

जुन कमिटी निर्वाचन आयोगमा दर्ता छ, त्यसलाई विस्थापित गर्न अर्को कमिटी चाहिन्छ । पुरानो हटाउन नयाँ चाहियो । नयाँ नभई पुरानो नै कायम रहन्छ । पुरानो हटाउन नयाँ कमिटी बनेको भनेर दिनुपर्यो । केन्द्रीय समितिको बैठकले दिने हो । कुनै व्यक्तिले जथाभावी निर्णय गर्न पाउँदैन । पार्टीको विधान छ, राजनीतिक दलको दफाहरु छन्, त्योअनुसार पार्टी सञ्चालन हुनुपर्छ । त्यसकारण पुरानो केन्द्रीय समिति नै कायम छ । त्यो कायम राखेरै हिँडेको हो । समझदारी बनाएको चैतको पहिलो सातामा बाँकी रहेको राष्ट्रिय सम्मेलन समापन गर्ने भनेको हिँडेको तर, साथीहरु पार्टी विरोधी काम गर्ने अवस्थामा पुग्नु भयो । पार्टीको अध्यक्षलाई कुनै सदस्यलाई निष्कासन गर्ने अधिकार हुँदैन । विधानअनुसार त्यो केन्द्रीय समितिलाई मात्रै छ । केन्द्रीय समितिले पनि विधानअनुसार स्पष्टीकरण सोधेर दिएको वा नदिएको त्यो आधारमा निष्कासन गर्ने हो ।

> यहाँ सबैले बुझनुपर्ने विषय, गौरवशाली पार्टी नेकपा एमाले, गौरवशाली पार्टी माओवादी केन्द्र ती गौरवशाली पार्टीलाई यो नाम किन चाहियो ? यो नामको आधारमा गौरव आर्जन भएको त होइन होला ? यो विषय गम्भीर छ । अरु त छोडौं विप्लवलाई समेत नेकपा चाहिएको छ ।



**के पार्टीको विवाद निर्वाचन आयोगसम्म पुग्छ ?**

निर्वाचन आयोगमा लफडा हुन सक्छ । 'कानूनको नौ सिङ्ग' हुन्छ भन्छन् त्यस्तो देखिन्छ । तर, हाम्रो विधान र निर्वाचन आयोगको ऐन धारा, ७३ अनुसार जाने हो भने केही पनि लफडा हुँदैन । विधान बाहिर गएर उफ्रिए लफडा त भैहाल्छ नि ।

**नेपालमा ब्राण्डको पछाडि राजनीति चलेको छ । अहिले कता-कता 'नेकपा' नाम हत्याउने खेलो पनि चलिरहेको चर्चा छ । के अहिलेको विवाद त्यहि विषयसँग जोडिएको हो ?**

तपाईंले भनेको सही हो । अहिले कट्टेल जी पार्टीलाई नै बिलय गराएर केही हात पार्ने योजनामा हुनुहुन्छ । उहाँले टेलिभिजन कार्यक्रमबाटै सार्वजनिक रुपमा भन्नुभएको थियो 'मलाई करोडौं रुपैयाँ दिएका थिए, मैंले गरिन' । त्यो उहाँले बाहिर त भन्नुभयो तर, भित्र 'साथी हो हामीलाई एकदमै ठूलो सूवर्ण मौका आएको छ, पुरानो ढर्राले चल्दैन, हामी सिंहदरबार, संसद, जताततै पुग्नुपर्छ, मात्रै नाम दिनुपर्यो, अरु सबै हुन्छ' भन्नुभएको थियो । त्यो रोकिएपछि उहाँमा छटपटी सुरु भएको हो । बाहिर त उहाँ निकै क्रान्तिकारी देखिनुभयो, '१०/२० करोडको अफर पनि आयो' भन्नुभयो तर, वास्तवमा भएको विषय अर्कै थियो । सुरुदेखि नै चर्चा ओलीसँग कट्टेल नजिक भएको भन्ने थियो ।

**के कट्टेलजीले ओलीलाई पार्टी बुझाउन खोजेपछि कारबाही गर्नुभएको हो ?**

एमाले र ओलीको कुरा नगरौं । तर, के हो भन्दाखेरि उहाँले त्यो पार्टीको नाम दिए वापत १९/२० जना सांसद पनि पाउँछौं, उपप्रधानमन्त्री पनि पाउँछौं भनेर कुराकानी राख्नुभएको थियो । अर्को गम्भीर विषय उहाँ एक्लै यस्ता डिलहरु गर्न लाग्नुभएको थियो । तत्कालिन समय उहाँले एकलै रुपमा त्यस्ता डिलहरु गर्न थालेपछि हामीले विरोध गरेका थियौं । उहाँ जवाफ दिन सक्ने अवस्थामा रहनु भएन । सिंहदरबारमा पुग्न पाइने, उपप्रधानमन्त्री पनि पाइने जस्ता सपना देखेर बर्बराउन थाल्नुभयो । सम्मेलनमा उहाँसँग बहुमत नभएपनि हामीले अध्यक्ष दिने योजना बनाएका थियौं तर, हाम्रो त्यो बुझाईलाई उहाँले कमजोरी ठान्नुभयो । आफ्ना विरुद्धमा प्रश्न उठेपछि प्रश्न उठाउनेलाई नै कारबाही गर्ने तिर उहाँ लाग्नुभयो । विवादको सुरुवात त्यहिँबाट सुरु भएको हो ।

**कम्युनिष्ट ब्राण्ड बोक्ने पार्टीहरु 'नेकपा' नामप्रति निकै लालायित देखिन्छन् । विगतमा पनि नेकपा नामप्रति जोडिएर धेरै घटनाहरु घटाइएका छन् । यस्तो अवस्थामा नामको लडाईं सामान्य होला र ? के बुझनुभएको छ ?**

तपाईंले उठाएको चिन्ता निकै सही छ । अहिले भएको विवाद नै त्यही हो । यो नेकपालाई फेरि पनि हमला गरेर कब्जा गर्ने दाउ छँदैछ । हमला त अहिले होइन स्थापनादेखि नै भएको हो । यो एकदमै खतरानाक कुरा हो । कम्युनिष्ट आन्दोलनलाई तहसनहस गर्ने कुरा हो । यहाँ सबैले बुझ्नुपर्ने विषय, गौरवशाली पार्टी नेकपा एमाले, गौरवशाली पार्टी माओवादी केन्द्र ती गौरवशाली पार्टीलाई यो नाम किन चाहियो ? यो नामको आधारमा गौरव आर्जन भएको त होइन होला ? यो विषय गम्भीर छ । अरु त छोडौं विप्लवलाई समेत नेकपा चाहिएको छ । उहाँ माओवादी भन्न पनि छाड्नुहुन्न तर, उहाँलाई नेकपा नाम चाहिएको छ । यो लाजलाग्दो विषय छ । यो लाजको लडाईंले हामीलाई विभाजन गर्ने, हामीलाई सिध्याउने खेलो भईरहेको छ । यसमा सबैले बहस गर्न आवश्यक छ ।

## सामाजिक सञ्जाल

**- गगन थापा**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Nice Recruiting Agency Pvt. Ltd.**
Samakhusi-26, Kathmandu, Tel: 4354297
E-mail: info@niceagency1062@gmail.com, Website: www.niceagency.com.np
श्रम ई. पत्र नं. १०६२/०७३/०७४


## टेम्केमैयुङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
अन्नपूर्ण, भोजपुर
१ नं. प्रदेश, नेपाल

## विद्युतिय सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मितिः २०७८/१०/१७)**

यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७८/०९/२१ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार टेम्केमैयुङ गाउँपालिका वडा नं ५ अन्तर्गत सडक निर्माण कार्यको विद्युतिय सिलबन्दी दरभाउपत्र माग गरिएकोमा निर्धारित समयभित्र दर्ता हुन आएका दरभाउपत्रहरुको मूल्याङ्कन समितिको मिति २०७८/१०/१६ गतेको निर्णय अनुसार निम्न बमोजिमको कार्यको लागी विद्युतिय सिलबन्दी दरभाउपत्र आह्वान भई तोकीएको म्याद भित्र दर्ता हुन आएका दरभाउ मध्ये तपसिल बमोजिमको दरभाउदाताको दरभाउ न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएको देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ बमोजिम र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबै दरभाउपत्रदाताहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | छनौट भएको विद्युतिय बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (भ्याट समेत) |
|---|---|---|---|---|
| १ | 18/BHO/ TRM/ SQ/ROAD/ 078/079 | Bhanjhyang Kerabari Santapur Road Upgrading Work (Package III) | कोर्य कन्स्ट्रक्सन प्रा.लि टेम्केमैयुङ गा.पा., वडा नं. २ | ९,७२,६०४.८८ |

# बक्स अफिस समाचार

## मिस इकोमा नेपालको प्रतिनिधित्व गर्दै सोफिया

**काठमाडौं/मस-** इजिप्टमा आयोजना हुने अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगीता 'मिस इको इन्टरनेशनल २०२२' मा सोफिया भुजेलले नेपालको प्रतिनिधित्व गर्ने भएकी छन् । भुजेललाई 'मिस इको इन्टरनेशनल नेपाल' को ताज सहित उक्त प्रतियोगीताका लागि ग्रिन आर्ट मिडियाले छनौट गरेको हो । भुजेलले यस अगाडि पनि राष्ट्रिय तथा अन्तराष्ट्रिय केही सौन्दर्य प्रतियोगीताहरुमा सहभागी भएकी थिइन् ।




शनिबार स्ट्याण्ड लन्च एण्ड बार बत्तिसपुतलीमा आयोजित एक कार्यक्रमका बीच ग्रिन आर्ट मिडियाले प्रतियोगी सार्वजनिक गरेको हो । भुजेललाई मिस इको इन्टरनेशनल नेपाल २०२०' विजेता अनुष्मा रायमाझीले ताज लगाई दिएकी हुन् । रायमाझीले 'मिस इको इन्टरनेशनल २०२०' मा 'मिस इको एशिया' उपाधि नेपाल ल्याउन सफल भएकी थिइन् ।

भुजेल आगामी मार्चमा इजिप्टमा आयोजना हुने 'मिस इको इन्टरनेशनल २०२२' मा नेपालको प्रतिनिधित्व गर्नेछिन् । ६० बढी देशका इको सुन्दरीहरुको सहभागीता रहने प्रतियोगीताका लागि भुजेल नेपालको तर्फबाट एक्लो प्रतिनिधि हुन् । भुजेललाई प्रतियोगीताका लागि ग्रिन आर्ट मिडियाकी प्रवन्ध निर्देशक तथा अन्तराष्ट्रिय कोरियोग्राफर अनिला श्रेष्ठ र नेपालका प्रतिष्ठित व्यक्तिहरुका ग्रुमिङ गरिनेछ ।

अन्तराष्ट्रिय कोरियोग्राफर रोजिन शाक्य, ग्रिन आर्ट मिडियाका सिइयो प्रविन लाकौल लगायतको उपस्थिती रहेको कार्यक्रममा २६ वर्षीया भुजेलले प्रतियोगीतामा नेपालका कला संस्कृति, सांस्कृतिक र पर्यटकीय स्थानको प्रचार गर्ने बताइन् ।

भुजेलले इजिप्टबाट 'मिस इको इन्टरनेशनल २०२२' को शीर्ष उपाधि जित्न सक्ने विश्वास आफुलाई लागेको ग्रीन आर्ट मिडियाका सिइयो प्रविन लाकौलले बताए । २०१५ देखि ग्रीन आर्टस मिडियाकी अनिला श्रेष्ठ मिस इको नेपालको आधिकारिक राष्ट्रिय निर्देशकको रुपमा चुनिएकी हुन् ।

मिस इको इन्टरनेशनल एक प्रतिष्ठित अन्तर्राष्ट्रिय सुन्दरी प्रतियोगिता हो । जसको एल.टी.सि.पि. अर्गनाइजेशनले ब्युटी फर इको' जागृत गर्दै टुरिजम् र वातावरणको विषयलाई मुख्य कार्यक्षेत्र बनाई इजिप्टबाट २०१५ देखि सुरु गरेको हो । यसको मुख्य उद्देश्य विश्वभरका पर्यावरण र संस्कृतिलाई अन्तर्राष्ट्रिय नेटवर्कमार्फत सूचना प्रवाह गर्ने रहेको छ ।

## नेपालमा पनि सुपरहिरो फिल्म बन्ने

**काठमाडौं/मस-** नेपालमा पनि सुपरहिरो फिल्म निर्माण हुने भएको छ । शुक्रबार राजधानीमा एक कार्यक्रमका बीच सुपरहिरो फिल्म 'सुपर धने'को निर्माण घोषणा गरियो । अर्को वर्षको कार्तिकबाट छायांकन सुरु हुने फिल्मलाई सुमित सिंहले निर्देशन गर्नेछन् । हाल फिल्मको स्क्रिप्ट लेखनको कार्य भइरहेको र नेपालसँगै यूरोपमा छायांकन हुने बताइएको छ । फिल्मका लागि चाँडै कलाकार छनोट गरिने निर्देशक सिंहले बताए ।



'सुपर धने' को निर्माण घोषणा कार्यक्रममा साइन्स फिक्सन वेब सिरिज 'माई वाइफ इज एन एलियन' को छायांकन सकिएको जानकारी दिँदै ट्रेलर पनि सार्वजनिक गरिएको थियो । वेब सिरिजमा नीर शाह, प्रज्ञा जोशी, बुद्धि तामाङ, गौरव पहारी, रिस्ता बस्नेत, सरोज दाहाल, मनिष दोलखाली, रविना वस्ताकोटी, तलिसा गुरुङ, आरजे सिंह लगायतका कलाकारहरुको अभिनय छ ।

बाल कलाकारहरु प्रिया वाइवा, गुष्मा मोक्तान, सिजन पन्ती, युकी उलकको समेत अभिनय रहेको वेब सिरिजको प्रस्तुतकर्तामा प्रज्ञा जोशी छिन् । नमस्ते टाकिज र सिनेमा हबको संयुक्त ब्यानरमा निर्माण भएको वेब सिरिजको निर्माता दिनेश श्रेष्ठ हुन् । सुमित सिंहको निर्देशनमा तयार भएको वेब सिरिजमा सुमित सिंह र राजन महर्जनको कथा लेखन र विकास चौधरीको संगीत रहेको छ । ५ एपिसोडको वेब सिरिज र 'सुपर धने' फिल्मको निर्माण घोषणा कार्यक्रममा अभिनेत्री करिष्मा मानन्धर र निर्देशक घनश्याम लामिछाने अतिथीको रुपमा उपस्थित भएका थिए । उनीहरुले नेपालमा पहिलो पटक फरक विषयवस्तुमा फिल्म र वेब सिरिज निर्माण गर्ने चुनौती मोलेको भन्दै सफलताको शुभकामना दिए ।


### बूढानीलकण्ठ नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
**हात्तिगौंडा, काठमाण्डौ**
**बागमती प्रदेश, नेपाल ।**

**आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना**

**मिति:२०७८/१०/१७**

यस कार्यालयको मिति २०७८/०७/१० को राष्ट्रिय दैनिकमा प्रकाशित Construction of Rigid Pavement and Retaining structures at Chandeswori (Phase-2), Contract no : NCB/BNP/CW/078_079/05 निर्माण कार्य खरिद सम्बन्धी सूचना बमोजिम रितपूर्वक दर्ता हुन आएका बोलपत्रदाताहरुको प्राविधिक बोलपत्रहरुको मुल्यांकन गर्दा तपशिल बमोजिमका बोलपत्रदाताहरु प्राविधिक रुपमा योग्य रहेको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ङ) को उपनियम ५ बमोजिम उक्त बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव तपशिल बमोजिमको स्थान, मिति र समयमा खोलिने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल :

| बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने |
|---|---|
| १. R. & C. S. Builders Pvt. Ltd.<br>२. Slate / Indrayani / Raktakanya JV<br>३. Baniya - Nati JV<br>४. Bhandari / Balkot / R.R. JV<br>५. Jalukeni - Bikesh & Aayush JV<br>६. Mahalaxmi - Jayadevi - Bishowjit JV<br>७. Ghising / Kunwar J/V<br>८. Kamaljit - RA JV<br>९. Kalika Builders Pvt. Ltd.<br>१०. Om Buddha - Om Bajraguru JV<br>११. Narayanam / Mangaladevi Subas JV | स्थान : बूढानीलकण्ठ नगरपालिकाको कार्यालय, हात्तिगौंडा, काठमाडौँ<br>मिति : २०७८/१०/२४<br>समय : दिनको १:०० बजे |

**प्रमुख प्रशासकीय अधिकृत**



### धनपालथान गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**सोराभाग, मोरङ**
**प्रदेश न. १, नेपाल**

**सिलाई मेसिन खरिद सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मिति : २०७८/१०/१७**

यस कार्यालयबाट तपसिलमा उल्लेखित कार्य खरिद प्रक्रियाबाट आपूर्ति गर्नुपर्ने भएकोले इच्छुक ईजाजत पत्र प्राप्त उधोग, निर्माता, कम्पनी वा अधिकृत बिक्रेता र सप्लार्यसहरुबाट निम्न सर्तहरुको अधिनमा रहि रितपूर्वकको e–bidding (विद्युतीय दरभाउपत्र) मार्फत् दरभाउपत्र आह्वान गरिएको छ ।

**शर्तहरुः**

१. इच्छुक योग्यता पुगेका दरभाउपत्रदाताले फागुन ०२ गते २०७८ साल e–bidding मार्फत www.bolpatra.gov.np को माध्यमबाट दरभाउपत्र पेश गर्न सकिन्छ तथा फिर्ता नहुने गरी तपसिल बमोजिमको नगदै तिरी नगदी रसिदका साथ आ.व. २०७८/०७९को लागि नविकरण भएको ईजाजत पत्र, स्थायी लेखा नम्बर तथा मु.अ.कर दर्ता प्रमाणपत्र र आ.व. २०७८/०७९ को कर चुक्ता गरेको पत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी प्रोप्राईटर स्वयं वा निजबाट मञ्जुरीनामा प्राप्त व्यक्तिले e–bidding मार्फत् दरभाउपत्र पेश गर्न सकिन्छ ।
२. e–bidding दरभाउपत्र फाल्गुन ०३ गते २०७८ दिनको १२:०० बजेभित्र e–bidding मार्फत् विद्युतीय दरभाउपत्र पेश गर्न सकिन्छ र प्राप्त दरभाउपत्रदाताले सोही दिन दिनको २:०० बजे कार्यालयमा प्रतिनिधि र निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा नियमानुसार खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु उपस्थिति नभएमा पनि उक्त विद्युतीय दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।
३. अधिकृत विक्रेताको हकमा निर्माता कम्पनीबाट दिइएको अधिकार पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्ने छ ।
४. विद्युतीय दरभाउपत्र साथ तपसिलमा उल्लेखित धरौटी बापतको रकम यस कार्यालयको मेगा बैंक नेपाल लि., कर्सिया स्थित खाता नं. ३१२००१००००४३ मा नगदै दाखिला गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिनको म्याद भएको मान्यता प्राप्त (क) वर्गको राष्ट्रिय वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल विड वण्ड (बैंक ग्यारेन्टी) पेश गर्नुपर्नेछ ।
५. दरभाउपत्र भर्दा प्रत्येक आईटमको दररेट अंक र अक्षरमा स्पष्ट हुने गरी लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक भएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।
६. रित नपुगी वा म्याद नाघी आएका विद्युतीय दरभाउपत्रहरु उपर कुनै करवाही गरिने छैन ।
७. दर्ता भएका दरभाउपत्रहरु आंशिक वा पूर्णरुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।
८. दरभाउपत्र पेश गर्दा पेश गरेको पत्राचार ठेगाना, सम्पर्क फोन न., फ्याक्स न. स्पष्ट सग लेख्नु पर्नेछ ।
९. सप्लाई गर्ने सामग्रीहरु दरभाउपत्र साथ संलग्न स्पेशिफिकेशनमा उल्लेख भएका शर्तअनुसार हुनुपर्नेछ ।
१०. यस सम्बन्धि अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा सम्पर्क राखी बुझ्न सकिने छ ।
११. यस सूचनामा उल्लेख नभएका अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**तपसिलः**

| क्र.स. | ठेक्का न. | कामको विवरण | ल.ई.रकम रु.(भ्याट, Contingency बाहेक) | धरौटी रकम रु. | दरभाउपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १ | २०-०७८/०७९ | शिलाई बुनाई मेसिन खरिद | १०४४०००।०० | २९०००।०० | १०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**



### Kushe Rural Municipality
**Office of the Rural Municipal Executive**
**Tharpu Bharma, Jajarkot**

**Invitation for Sealed Quotation**

**Sealed Quotation No: KRM/GOODS/SQ/01/078/079**
**Date of first Publication 31 January, 2022**

1. The Kushe Rural Municipality, Jajarkot invites sealed quotations from registered Suppliers for the **Fabrication of steel parts of Syaltara Suspended Bridge.**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Kushe Rural Municipality, Tharpu Bharma, Jajarkot, Karnali Province, Nepal, Mobile No. 9758003202 E-mail: kusheruralmunicipality@gmail.com
3. A complete set of Bidding Documents may be purchased from the office of Kushe Rural Municipality, Tharpu Bharma, Jajarkot, Karnali Province, Nepal by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 14 February, 2022 during office hours.
4. Bidders, should deposit the cost of bidding document in the following account
Name of the Bank: Agricultural Development Bank Limited
Name of the Office: Kushe Rural Municipality
Revenue (Rajaswo) Account No. : 0726201548937056
Office Code No. : 801066604
5. Sealed bids must be submitted to the office of Kushe Rural Municipality, Tharpu Bharma, Jajarkot, Karnali Province, Nepal, by hand on or before 12pm on 15 February, 2022 . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1pm on 15 February, 2022 at the office of Kushe Rural Municipality, Tharpu Bharma, Jajarkot, Karnali Province, Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of NRs 30,000.00 , which shall be valid for 30 days beyond the validity period of the bid . If bidder wishes to submit the Cash Security, the cash should be deposited in Agricultural Development Bank Limited, Account name : Kushe Rural Municipality, Deposit Account No. : 0726201548937048 and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.



### प्रतापपुर गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)**
**लुम्बिनी प्रदेश, नेपाल**

**गणक तथा सुपरिवेक्षक पदको अन्तरवार्ताको मिति प्रकाशन सम्बन्धी सूचना**

**प्रकाशित मितिः२०७८/१०/१७**

प्रतापपुर गाउँपालिकामा, गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुरको विज्ञापन नं. ०३/०७८-०७९ र ०४/०७८-०७९ अनुसार गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रमको लागि सुपरिवेक्षक तथा गणक पदका लागि सेवा करारमा कर्मचारी पदपूर्ति सम्बन्धी दरखास्त आव्हान गरिएकोमा निर्धारित समयभित्र रितपुर्वक आवेदन कार्यालयमा पेश हुन आएका उम्मेद्वारहरुको लागि मिति २०७८/१०/०४ गतेको सूचना अनुसार स्थगित गरिएको अन्तरवार्ता तपसिलको मिति, समय र स्थानमा संचालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| पदः सुपरिवेक्षक (विज्ञापन नं. ०३/०७८-०७९) | | | |
|---|---|---|---|
| **अन्तरवार्ता कार्यक्रम** | | | |
| **रोल नं.** | **मिति** | **समय** | **स्थान** |
| १-६ | २०७८/१०/१९ | बिहान १०:०० बजे | प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय |
| **पदः गणक (विज्ञापन नं. ०४/०७८-०७९)** | | | |
| **अन्तरवार्ता कार्यक्रम** | | | |
| **रोल नं.** | **मिति** | **समय** | **स्थान** |
| १-१८ | २०७८/१०/१९ | बिहान १२:०० बजे | प्रतापपुर गाउँ कार्यपालिकाको कार्यालय |
| १९-३६ | २०७८/१०/२० | बिहान १०:०० बजे | |
| ३७-५७ | २०७८/१०/२१ | बिहान १०:०० बजे | |

**द्रष्टव्यः-** अन्तरवार्ता दिन आउदा उम्मेद्वारले न्यूनतम शैक्षिक योग्यता, अनुभव र नागरिकताको सक्कल कागजात लिई आउनु पर्नेछ । थप विवरण यस कार्यालयको वेभसाईट www.pratappurmun.gov.np हेर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# एनसेल बाह्खरी गल्फ फागुन १३ र १४ मा धरानमा हुने



**धरान/मस–** बाह्खरी मिडियाले आगामी फागुन १३ र १४ अर्थात् फेब्रुअरी २५ र २६ मा प्रदेश एकको धरानमा कर्पोरेट गल्फ प्रतियोगिता आयोजना गर्ने भएको छ। आइतबार धरानस्थिति गल्फ कोर्समा आयोजित पत्रकार सम्मेलनमा यसबारे जानकारी गराइएको छ।

पत्रकार सम्मेलनमा मोरङ उद्योग संगठनका अध्यक्ष सुयश प्याकुरेलले धरानमा गल्फ गर्नु नै आफूहरुको सफलता भएको बताए । उनले धरानमा आएर बाह्खरीले गल्फ आयोजना गर्नु नै गौरवको कुरा भएको जानकारी गराउँदै भने, 'उद्योग संगठनसँगै मिलेर जसरी इकोनोमिक समीट आयोजना गरिएको छ। त्यसले यो क्षेत्रकै लागि सहयोग पुग्नेछ। हामी सबैको मेहनतले गर्दा बाह्खरीले हामीलाई विश्वास गर्नुभयो। उद्योग संगठनमा आर्थिक सम्मेलन गर्नेछौं। हामीले प्रदेशभरका निजी क्षेत्रका मुद्दा उठान गर्नेछौं । सोमबारदेखि राउन्ड टेबल आयोजना गर्नेछौं । त्यसलाई लिपिबद्ध गरेर समीटमा प्रस्तुत गर्नेछौं ।'

पूर्व अर्थसचिव रामेश्वर खनालले बाह्खरीले यसपल्ट गल्फमात्रै नभएर समृद्धिको मार्गका विषयमा छलफल गरिने बताए । इकोनोमिक समीटमा कार्यपत्र प्रस्तुतीका सम्बन्धमा उनले जानकारी गराउँदै यस कार्यक्रमले अर्थतन्त्रको रुपान्तरणका लागि सहयोग पुगोस् भन्ने लागेको बताए ।

'आर्थिक गतिविधिमा सीमित व्यक्तिको नियन्त्रणमात्रै रहनुहुँदैन भन्ने लाग्छ,' खनालले भने, 'बाह्खरीले गरेका कार्यक्रमबाट निकालिएका निष्कर्षले नीति निर्माणमा सहयोग पुगोस् भनेर एक वर्ष बाह्खरीले रिपोर्टिङ गर्ने प्रतिवद्धता पनि जनाएको छ। अबको समृद्धि युवा उद्यमशिलताबाटै हुने हो । यो उद्यमीको केन्द्र पनि हो । तर अब निष्ठावान पौरखी उद्यमी होस् लुटतन्त्रमा विश्वास नगरोस् । नवीन सोचमा आधारित भएर गर्ने हो भने सफलता प्राप्त गर्न सकिनेछ ।'

त्यसैगरी युवा व्यवसायी तथा लक्ष्मी ग्रुपका कार्यकारी निर्देशक निरन्जन श्रेष्ठले यस क्षेत्र उद्यमीको केन्द्र रहेको बताउँदै यो कार्यक्रम समृद्धिको इन्जिन भएको बताए । 'यो समृद्धिको इन्जिन हो,' उनले भने, 'प्रदेश एक धेरै अघिदेखि नै उद्यमीको लागि राम्रो ठाउँ हो ।

---

## कर्मचारी आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न–लिखित कर्मचारी आवश्यकता भएको हुदाँ दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।

**P.R.O : 4 Male/Female**

म्यानपावर क्षेत्रमा कम्तिमा २ वर्ष अनुभव भएको हुनुपर्ने छ ।

**H.M.T. Overseas Pvt. Ltd.** Govt. Lic. No. 1429/074/075
Tinkune, Kathmandu, Tel.: 01-4111301
Contact No - +9779818313946, 9803515104, 9841788448

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**हक दावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७२/१२/१७ मा दर्ता भएको **प्रा.लि. नं. १४७२३५** को **शिरिष कृषियन तथा पशुपालन प्रा. लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसंग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हक दावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआए उक्त कम्पनीको दर्ता खारेज गरिनेछ।

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/१२/०३ मा दर्ता भएको **प्रा.लि. नं. २५९०१६** को **शिव श्री इन्भेष्टमेण्ट प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७८/१०/११ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**तेस्रो पटक प्रकाशित मितिः २०७८/१०/१७**

**बेबी स्टार इन्टरनेशनल प्रा.लि.** को मिति २०७८/०८/१७ मा बसेको विशेष साधारण सभाको विशेष प्रस्तावद्वारा पारित बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि. (प्रा. लि. नं.: १६०३७५)**, कायम गर्ने गरी मिति २०७८/१०/१० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
**वैदेशिक रोजगार विभागको**
**सूचना**
**तेस्रो पटक प्रकाशित मितिः २०७८/१०/१७**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त श्री **बेबी स्टार इन्टरनेशनल प्रा.लि. (ई.प.नं. १०८१)** ले आफ्नो साविकको नाम परिवर्तन गरि **मेभन रिक्रुटमेन्ट सर्भिसेज प्रा.लि.** कायम गर्ने गरि नाम परिवर्तन गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोही कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागमा दावी विरोध गर्न आउनुहोला। अन्यथा कानून बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

---

## साउदीमा रोजगारको अवसर

कम्पनीः Abdullah Mohammed Al-Shali Cont.Est.
शहरः KSA

पूर्व स्वीकृत मितिः २०७८/१०/१६ | चलानी नं.: ६०१७३७१० | L.T. No.: 257031

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 7 | 0 | स. काममा दक्ष | 1800 | ५७,४३८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौमा २०७८ माघ २४ गते (7 February 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | रु. १०,०००/– कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**एडभेन्चर ह्युमन रिसोर्स प्रा. लि.** श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नंः ०१–५३८२५९०

---

## बहराइनमा रोजगार

कम्पनी : ABU - OBAID CONT. & TRADING GROUP W.L.L.
शहरः BAHRAIN

पूर्व स्वीकृत मितिः २०७७/११/१९ | चलानी नं.: ६०१५४९१८ | L.T. No.: 236390 | पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Supervisor Scaffolding | 4 | 0 | स. काममा दक्ष | 200 | ६३,५४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Scaffolders (With Gcc Experience) | 20 | 0 | | 120 | ३८,१२६ | | | | | | | |
| 3. | Worker (Scaffolding) | 10 | 0 | | 100 | ३१,७७२ | | | | | | | |
| 4. | Scaffolder Foreman | 5 | 0 | | 150 | ४७,६५८ | | | | | | | |
| 5. | Electrician (Gcc Experience) | 5 | 0 | | 120 | ३८,१२६ | | | | | | | |
| 6. | Plumber Gcc Experience | 5 | 0 | | 120 | ३८,१२६ | | | | | | | |
| 7. | Mason Gcc Experience | 15 | 0 | | 120 | ३८,१२६ | | | | | | | |
| 8. | Receptionist / Office Assistant | 1 | 1 | | 120 | ३८,१२६ | | | | | | | |
| 9. | Insulator Fitter (Thermal Cladding Aluminum Type) | 15 | 0 | | 120 | ३८,१२६ | | | | | | | |
| 10. | Fabricator (Thermal Cladding Aluminum Type) | 10 | 0 | | 150 | ४७,६५८ | | | | | | | |
| 11. | Carpenter Finishing (Gcc Experience) | 5 | 0 | | 120 | ३८,१२६ | | | | | | | |
| 12. | Painter - Spray | 5 | 0 | | 120 | ३८,१२६ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ माघ २४ गते (7 Feb. 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**Cherish Oversease Pvt. Ltd** श्रम इजाजत नं. १३०४/०७४/०७५
Samakhusi Town Planning, Kathmandu, Tel.: 01-4363776
4380414, Mobile No. 9851003818, 9851052386
E-mail : overseascherish@gmail.com, Website: cherishoverseasnp.com.np

---

## Invitation of Electronic Bids

**Urlabari Municipality**
**Office of Municipal Executive**
**Urlabari, Morang**
**Province no. 1, Nepal**

**Date of Publication: 2078/10/17 (31st of January 2022)**

1. The Urlabari Municipality office,invites Open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure:

**Details of Works**

| S.No. | Contract Id No. | Name of Project work | Cost Estimate (NRs) with VAT | Bid security Amount (NRs.) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | URL-Bldng-W-NCB-07-078/79 | Construction of Truss roof Building of Agricultural product collection & selling centre, Urlabari -6 | 59,72,540 .00/- | 1,50000.00 /- | 3000.00 |
| 2 | URL-Holychildmarga-Road-W-NCB-08-078/79 | Construction of Blacktop road of Holychild Marga, ward -6 | 34,54,410 .00/- | 86,360.00 /- | 3000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at office of Urlabari Municipality, Urlabari, Morang or PPMO'S Website: www.bolpatra,gov,np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details bidders are advised to visit website: www.bolpatra.gov.np/egp.

**Acting Chief Administrative Officer**

---

प्रदेश सरकार
## भौतिक पूर्वाधार विकास मन्त्रालय
प्रदेश नं.१, विराटनगर

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति : २०७८/१०/१७**

यस मन्त्रालयबाट मिति २०७८/०९/०५गते (सि.नं. १ देखि २ सम्म), मिति २०७८/०९/०८ गते (सि.नं. ४) र मिति २०७८/०९/१३ (सि.नं. ५) प्रकाशित सूचना तथा www.bolpatra.gov.np/e–GP को E–Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार E–Bid मार्फत दर्ता हुन अएका बोलपत्रहरुमध्ये स्वीकृत Eligible Criteria भित्र परेका मध्ये न्युनतम् मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारीस भई आएकोले सार्वजनिक खरीद ऐन, २०६३ को दफा २७ (२) र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सम्पुर्ण सरोकारवालाहरुमा जानकारीको लागि अनुरोध छ ।

**तपसील**

| सि.नं. | ठेक्का नं. | योजनाको नाम, ठेगाना | छनौट भएका बोलपत्र दाताको नाम, ठेगाना | कबोल रकम रु. (भ्याट सहीत) | कैफियत |
|---|---|---|---|---|---|
| १ | MoPID-P1/DoWRE/SHS-01/NCB-01/078-79 | Supply and Installation of Solar Home System (80 Watt Peak), Dhankuta Distrcit & Taplejung District. | M/S Sourya Energy Private Limited, Chabahil 7, Kathmandu | 10,669,766.27 | |
| २ | MoPID-P1/DoWRE/SHS-02/NCB-02/078-79 | Supply and Installation of Solar Home System (80 Watt Peak), Udayapur Distrcit & Bhojpur District. | M/S Sourya Energy Private Limited, Chabahil 7, Kathmandu | 11,184,208.40 | |
| ३ | MoPID-P1/DoWRE/SHS-03/NCB-03/078-79 | Supply and Installation of Solar Home System (80 Watt Peak), Panchthar Distrcit & Okaldunga District. | M/S Sourya Energy Private Limited, Chabahil 7, Kathmandu | 9,923,097.97 | |
| ४ | MoPID-P1/DoWRE/E-Stove/NCB-05/078-79 | Supply & Delivery of Improved Electric Stove (Infarred Stove) | M/S Shovan Incorporation, Mahalaxmi 4, Lalitpur | 9,451,131.00 | |
| ५ | MoPID-P1/DoWRE/4WDV/NCB-06/078-79 | Supply & Delivery of 4WD Hardtop Jeep - 3 Nos. | Royal Auto Enterprises, Biratnagar, Morang | 21,585,000.00 | |

**महाशाखा प्रमुख**

---

## बसबरिया गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
भवानीपुर, सर्लाही
मधेश प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**प्रकाशित मिति २०७८।१०।१७**

यस बसबरिया गा.पा.बाट मिति २०७८।०८।१४ गते मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्रको सूचना अनुसार अनलाइन मार्फत दर्ता हुन आएका गोप्य सिलबन्दी बोलपत्रहरु मध्ये तपसिलमा उलेखित भएका बोलपत्र मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भाई स्वीकृति लागि छनौट भएको हुदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्र दाताहरुको जानकारीको लागी ७ (सात) दिने आशय सूचनाको प्रकाशित गरिएको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएको बोलपत्रदाताको नाम | कबोल गरेको रकम (भ्याट वाहेक) |
|---|---|---|---|---|
| १ | BRM/WORKS/NCB/78-79/1 | बसबरिया वडा नं. ६ सहोडवा माइस्थान मन्दिर देखि मनटोल जाने नहर सम्म तथा वडा नं. ६ भित्रका विभिन्न सडकहरुको कालोपत्रे | श्री दुकुचु कन्स्ट्रक्सन कम्पनि प्रा. लि., बुधनगर-१०, काठमाडौं | रु.३,८२,९१,७०८।०० |

**नि.प्रमुख प्रसाशकिय अधिकृत**

# हुन्डी र क्रिप्टो कारोबारमा राज्यको मौनता

## ■ राष्ट्र बैंक निर्देशनमा सीमित

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, १६ माघ

नेपाल प्रहरीले काठमाडौंको न्यूरोडबाट गत कात्तिकमा ५० लाख रुपैयाँ रकमसहित एकजना हुण्डी कारोबारीलाई पक्राउ गरेको थियो । त्यस्तै भक्तपुरको सूर्यविनायकबाट गत पुसमा ४३ लाख रुपैयाँसहित एकजना हुण्डी कारोबारी र पर्साको वीरगञ्जबाट गत मंसिरमा करिब २५ लाख रुपैयाँसहित एकजना हुण्डी कारोबारी पक्राउ गरेको थियो ।

यही माघ ७ गते नेपाल प्रहरीले क्रिप्टोकरेन्सीको कारोबारमा संलग्न रहेको आरोपमा पर्वत घर भई पोखरामा मोबाइल पसल सञ्चालन गर्ने २१ वर्षीय राजन भट्टराई, काठमाडौं थापाथलीमा मोबाइल पसल नै सञ्चालन गरिरहेका दीपेनराज श्रेष्ठ र सुनसरीको इटहरीमा शिक्षण पेशा गर्दै आएका २५ वर्षीय विशाल श्रेष्ठलाई पक्राउ गर्‍यो । सिराहा घर भएका एक व्यक्तिले आफूलाई २० लाख रुपैयाँ ठगी गरेको भन्दै प्रहरीमा उजुरी दिएपछि अनुसन्धान गर्दा ती तीनजना व्याक्ति क्रिप्टोकरेन्सीको कारोबारमा संलग्न रहेको खुलेको हो ।



त्यस्तै माघ ६ गते कीर्तिपुर नगरपालिकाका विभिन्न स्थानमा सम्पत्ति हारजित हुनेगरी अनलाइनमार्फत जुवा खेलाउने गरेको १२ जनाको गिरोहलाई प्रहरीले पक्राउ गर्‍यो । उनिहरुले १० महिनादेखि मासिक १ लाख डलर सम्म हारजित हुनेगरी अनलाइनमार्फत जुवा खेलाउँदै आएका थिए । त्यस्तै नेपाल प्रहरीले माघ ७ गते नेपालमा प्रतिबन्धित क्रिप्टोकरेन्सीको कारोबारमा संलग्न रहेको आरोपमा तीन जनालाई पक्राउ गर्‍यो । महानगरीय अपराध महाशाखाबाट खटिएको विशेष टोलीले बिहीबार काठमाडौंको मिनभवनबाट उनीहरूलाई पक्राउ गरेको थियो ।

झण्डै एकमहिना अगाडि राजस्व अनुसन्धान विभागले क्रिप्टोकरेन्सीको मोबाइल एप्स इ-स्क्रिल र बियान्कामार्फत अवैध कारोबार गर्ने कैलालीको लम्कीचुहा नगरपालिका-१० घर भई काठमाडौंको कालोपुलमा बस्ने ४ जनालाई पक्राउ गरेको थियो । उनिहरुलाई विभागले विगो जफत गर्दै ३ वर्ष कैद सहितको मुद्दा दायर गरेको छ । माघ ११ गते राजस्व अनुसन्धान विभागले कैलाली घर भएका दिनेश खड्काले डिजिटल प्रणाली प्रयोग गर्दै गैरकानूनीरुपमा विदेशी मुद्राको कारोबार गरेको आरोपमा ३७ करोड ६१ लाख रुपैयाँ विगो र ३ वर्ष कैद सजाय माग गर्दै जिल्ला अदालत काठमाडौंमा मुद्दा दायर गरेको छ ।

नेपाल सरकारले क्रिप्टोकरेन्सी, भर्चुअल करेन्सी, जुवातास तथा सट्टाबाजी र नेटवर्कीङ मार्केटिङलाई मान्यता दिएको छैन् । यस्ता क्रियाकलापलाई कानुनी रुपमा अवैधानिक मानिन्छ । सरकारले वा कानुनले मान्यता नदिएतापनि विभिन्न माध्यमबाट माथि उल्लेखित गरिएका प्रतिनिधि घट्ना सहित हजारौं नेपालीहरु यस्ता प्रकारका अवैधानिक कारोबारमा संलग्न हुने गरेको आशंका गरिएको छ ।

### ■ हुन्डीको कारोबार बढ्यो

चालु आर्थिक वर्षको ५ महिनामा नेपालमा रेमिट्यान्सको आप्रवाह १३ प्रतिशतले घट्न पुगेको छ । रेमिट्यान्सको आप्रवाह मात्रा घट्नु र क्रिप्टोकरेन्सीको कारोबार बढ्नुकोबीचमा सम्बन्ध रहेको आशंका गर्न थालिएको छ । क्रिप्टोकरेन्सी र हुन्डीको कारोबार बढेका कारण रेमिट्यान्सको आप्रवाह घटेको हुनसक्ने देखिएको छ । ठगीको अनुसन्धान गर्दा क्रिप्टोकरेन्सी कारोबार भइरहेको पत्ता लगाएका नेपाल प्रहरीका अनुसन्धान अधिकृत र दिनेश खड्का प्रकरणमा अनुसन्धान गरेका राजस्व अनुसन्धान विभागका अधिकारीले नेपालमा क्रिप्टोकरेन्सी र हुण्डीको कारोबार उच्च गतिमा बढिरहेको बताएका छन् ।

नेपालबाट विदेश श्रम गर्न जाने नेपालीको संख्या घटेको छैन् तर चालु आवमा रेमिट्यान्सको आप्रवाहमा भने ठुलो मात्रामा कटौती भएको देखिएको छ । नेपालले गत आर्थिक वर्षमा अहिलेसम्मकै बढी ९ खर्ब ६१ अर्ब रुपैयाँ रेमिट्यान्स भित्र्याएको थियो । सो आवमा नेपालबाट २१ लाख व्यक्ति वैदेशिक रोजगारमा गएको तथ्यांक केही दिनअघि केन्द्रीय तथ्यांक विभागले सार्वजनिक गरेको छ । हुन्डीबाट धेरै नेपालीले स्वदेशमा पैसा पठाउने गरेका कारण औपचारिक रुपमा आएको रेमिट्यान्समा कमि देखिएको नबिल बैंकका अध्यक्ष पवन गोल्यानले सञ्चार माध्यमसँग बताएका छन् । गोल्यानका अनुसार वैदेशिक रोजगारमा गएका नेपालीले कम्तिमा २० खर्ब रुपैयाँ रेमिट्यास पठाउनुपर्ने हो । तर हुन्डी कारोबार बढेको कारणले औपचारिक माध्यम भएर आउने रेमिट्यान्समा कमि देखिएको हो ।

### ■ क्रिप्टोकरेन्सी र हुन्डीको सम्बन्ध

पछिल्लो समयमा थुप्रै संख्याका नेपालीहरु क्रिप्टोकरेन्सी र हुण्डी कारोबारमा जोडिदै गएको विभिन्न स्रोत तथा तथ्यांकले देखाएको छ । जसले गर्दा औपचारिक माध्यमबाट आउने रेमिट्यान्स घट्न पुगेको अनुमान गरिएको छ । राजस्व अनुसन्धान विभागले मुद्दा दायर गरेका दिनेश खड्काले १० लाखभन्दा धेरै नेपालीले क्रिप्टोकरेन्सीलगायत इलेक्ट्रोनिक मुद्राको कारोबारमा संलग्न रहेको बयान दिएका थिए । छोटो समयमा धेरै प्रतिफल पाइने लोभमा नेपालबाट क्रिप्टोकरेन्सीमा लगानी गर्ने व्यक्ति बढिरहेको प्रहरी अनुसन्धानले पनि देखाएको छ । राजस्व अनुसन्धान विभागसँगको बयानमा खड्काले क्रिप्टोकरेन्सीमा लगानी गर्न खोज्ने नेपाली नागरिकले खड्काको बैंक खातामा नेपाली मुद्रामै पैसा जम्मा गर्नु पर्थ्यो र नेपाली मुद्रालाई कन्भर्ट गर्दै खड्काले इलेक्ट्रोनिक करेन्सी पठाउने काम गर्दथे ।

खड्काले क्रिप्टोकरेन्सी कसरी प्राप्त गर्ने गर्दथे ? उनले आफ्नो खातामा आएको नेपाली मुद्रा कसरी प्रयोग गर्दथे, इलेक्ट्रोनिक मुद्रा कहाँबाट ल्याउँथे भन्ने विषयको अनुसन्धान विभागले गरिरहेको छ । सो विषयको जवाफ खोज्दा क्रिप्टो, हुण्डी र रेमिट्यान्सको कनेक्सन पत्ता लाग्छ । क्रिप्टोकरेन्सीको काममा धेरै व्याक्ति संलग्न रहेका छन् । रेमिट्यान्सको कारोबार गर्नेहरुले नेपाली पैसा संकलन गर्छन् र हुण्डीमार्फत् विदेशमा रकम पठाउने गर्छन् । विदेशमा रेमिट्यान्सको कारोबार गर्नेसँग प्रशस्त डलर हुन्छ । नेपालमा रहेको पैसा रेमिट्यान्स पठाउने व्यक्तिको नेपाली सम्बन्धित व्याक्तिको स्वामित्वमा हस्तान्तरण गर्ने काम गरिन्छ । व्यवहारिक रुपमा कागजमा हिसाब मिलान हुन्छ । यसरी विदेशमा रहेको डलर तिर्दै क्रिप्टोकरेन्सी वा इलेक्ट्रोनिक मुद्रा खरिद गरिन्छ । डिजिटल वालेटबाट पैसा झिक्न दिएको सुविधामा सम्बन्धित निकायले उचित अनुगमन नगरेका कारण पनि सो माध्यमबाट अवैध कारोबार भएको हुन सक्ने बैंकरहरुले आशंका गरेका छन् ।

### ■ सुचना र निर्देशनमा सीमित राष्ट्रबैंक

नेपाल राष्ट्र बैंकले माघ ९ गते एक सुचना जारी गर्दै क्रिप्टोकरेन्सी, भर्चुअल करेन्सी र नेटवर्कीङ मार्केटिङमा लगानी नगर्न आग्रह गरेको गर्‍यो । राष्ट्रबैंकले सुचनामार्फत क्रिप्टोकरेन्सी र भर्चुअल करेन्सीलाई मान्यता नदिएकाले त्यस्तो कारोबारबाट सर्वसाधारण मानिसहरु ठगिने र स्वदेशी पुँजी पलायन हुने बताएको थियो ।

विदेशी विनियम (नियमित गर्ने) ऐनको दफा १२ ले वित्तीय प्रणाली व्यवस्थापनका लागि विभिन्न सूचना जारी गर्ने अधिकारी नेपाल राष्ट्र बैंकलाई दिएको छ । राष्ट्र बैंकले त्यसरी जारी गरेको सूचना विपरीत काम गर्दा फौजदारी कसुरमा बिगो, जरिवाना सहित ३ वर्षसम्मको कैद सजाय हुन्छ । यो अधिकार प्रयोग गर्दै राष्ट्र बैंकले २०७४ असोजमा नै विटक्वाइन लगायतका इलेक्ट्रोनिक मुद्राको कारोबारलाई गैरकानूनी घोषणा गर्दै कारोबारमा संलग्न नहुन सार्वजनिक सूचना जारी गरेको थियो । राष्ट्रबैंकले बढ्दै गरेको वित्तीय अपराध रोक्नका लागि आवश्यक नीति निर्माण गरी प्राविधिक ढंगले काम गर्ने भन्दापनि निर्देशनमा सिमित रहन पुगेको उसको गतिविधिले देखाएको छ । रेमिट्यान्सको घट्दो क्रम र मुद्राको क्षेत्रमा भइरहेको अवैध कारोबारको बढोत्तरीको विषयमा संसदीय समितिमा छलफल भएको देखिदैन् । यसले नीति निर्माता तहमा रहेका मानिसहरु मुलुकमा बढिरहेको अबैधानिक आर्थिक कारोबारमा गैरजिम्मेवार देखाएको छ ।

## दोहामा नेपाली स्वादमा आभा मञ्जु रेस्टुरेन्ट



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, १६ माघ

कोरोना महामारीले विश्व आक्रान्त बनेको छ । महामारीले व्यापार व्यवसायमा निकै असर गरी रहेको छ । जसले गर्दा विश्वमा मानिसहरूले रोजगारी गुमाई रहेका छन् । यहि समयमा कतारमा भने एक नेपाली महिला व्यवसायीले नयाँ होटेल सञ्चालनमा ल्याएकी छिन ।

दोहा सहरबाट नजिक रहेको जैदा ब्रिज छेउमा सफल व्यवसायीको परिचय बनाएकी मञ्जु खनालले आभा मञ्जु रेस्टुरेन्ट सञ्चालनमा ल्याएकी हुन् । नेपाल व्यवसायी संघ कतारको सदस्य समेत रहेकी खनालले सञ्चालन गरेको रेस्टुरेन्टको औपचारिक उद्घाटन संघ कतारका उपाध्यक्ष आर.के. शर्माले केही दिन पहिले रिबन काटेर गरेका थिए । उद्घाटन कार्यक्रममा संघका उपाध्यक्ष राज रेग्मी र महासचिव रमेश भट्ट लगायत विभिन्न व्यवसायी तथा ग्राहकहरुको उपस्थिति रहेको थियो । समारोहमा बोल्दै दर्जनौं होटेलको मूल्य सुची भन्दा आभाको मूल्य सुची पनि समायोजित रहेकोमा प्रमुख अतिथि शर्माले खुसी व्यक्त गरे । शर्माले नेपाली रेस्टुरेन्ट कतारमा समेत निकै विस्तार हुँदै गएको बताउँदै, 'रेष्टुरेन्टहरुको भिडमा केही फरक थेमका साथ नेपालीपनलाई उत्कृष्टता प्रदान गरिएकोमा व्यवसाय सफलताको कामना गरेका थिए ।

समारोहमा बोल्दै रेग्मीले ओपन किचेन, पारिवारिक क्याबिन, हल लगायतका विशेषताले निकै आकर्षित देखिने हुँदा रेस्टुरेन्टले नेपाली मात्र नभई समग्र एसियन समुदायको मन जित्ने विश्वास व्यक्त गरेका थिए । खनालद्वारा सञ्चालनमा आएको यस रेस्टुरेन्टले आभा मञ्जुको नाममा अन्तर्राष्ट्रियरुपमै आफ्नो छुट्टै ब्रान्ड बन्ने विश्वास महासचिव रमेश भट्टले गरेका थिए । विशेष गरी नेपाली सबै परिकार, इन्डियन र चाइनिज परिकारहरूको उत्कृष्टता एवं स्वादिष्टता प्रदान गर्ने हेतुले होटेल सञ्चालन गरिएको र होम डेलिभरीको समेत व्यवस्था गरिएको सञ्चालक खनालले जानकारी दिइन । उद्घाटन समारोहमा खाना खान पुगेका ग्राहक म्याग्दीका देवी कँडेल, धादिङका मिलन रानाभाट, सल्यानका सन्तोष मगर तथा गुल्मीकी कल्पना घर्ती, झापाकी साया कोइराला लगायतले खानाको स्वाद उत्कृष्ट रहेको प्रतिक्रिया मध्यान्हलाई दिएका थिए । कतारमा करिब ५०० नेपालीहरु विभिन्न व्यवसायमा प्रत्यक्ष संलग्न रहेको अनुमान गरिएको छ ।

## जावा मोटरसाइकलको बीएस–सिक्स मोडल नेपालमा

**काठमाडौं/मस**–अग्नी ग्रुपको सहायक कम्पनी अग्नी मोटोइन्कले नेपालमा जावा र जावा ४२ को बीएस-सिक्स मोडलको वितरण तथा डेलिभरी सुरु गरेको छ । बिर्तामोड, धरान, इटहरी, विराटनगर, लाहान, पोखरा, नारायणघाट, बुटवल, भैरहवा, नेपालगञ्ज, वीरगञ्ज, सुर्खेत, दाङ्ग, बाग्लुङ्ग र धनगढीका विभिन्न शाखा तथा डिलरहरुबाट यी दुवै मोडलका जावा बाइकहरु बुकिङ्ग गर्न सकिने कम्पनीले जनाएको छ ।

जावा र जावा ४२ दुवैमा २९३ सिसी लिक्विड कुल्ड डीओएचसी सिंगल इन्जिनको प्रयोग गरिएको छ । दुवै बाइकमा अब क्रस पोर्ट टेक्नोलोजी समावेश गरिएको छ ।

**जुनीचाँदे गाँउपालिका**
**गाँउ कार्यपालिकाको कार्यालय**
**मजकोट जाजरकोट**
**कर्णाली. प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मिति : २०७८/१०/१७**

यस कार्यालय को मिति २०७८।०९।०४ गते प्रकाशित सूचना अनुसार प्राप्त हुन आएका फर्महरुको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्याकंन गर्दा सबैभन्दा कम अंक कबोल गर्ने देहाय बमोजिम बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि सिफारिस भई आएबमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| S.N | IFB no | Specification | Contactor Name and Address | Bid Price (WithVat) |
|---|---|---|---|---|
| 1 | JCRM.NCB/ WORKS/02/78/79 | TalloMaipa-budhidanda phulbari Road construction track open | Arunsangam Nirman sewa khalanga 9 jajarkot | 3455804.71 |
| 1 | JCRM.NCB/ WORKS/03/78/79 | Aadarsha Ma.vi kortang juni jumla sadak construction track open | Arunsangam Nirman sewa khalanga 9 jajarkot | 2173865.75 |

**नेपाल सरकार**
**सहरी विकास मन्त्रालय**
**शहरी विकास तथाभवननिर्माण विभाग**
**नयाँ शहर आयोजना कार्यालय**
**चौरजहारी, रुकुम पश्चिम**

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**प्रकाशित मिति : २०७८/१०/१७**

यस कार्यालयवाट मिति २०७८।०८।२० **www.bolpatra.gov.np/egp** मा प्रकाशित वोलपत्र आव्हानको सुचना अनुसार पर्न आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्याङकित सारभुत रुपमा प्रभावग्राही भएको तपशिलका निर्माण कार्यको बोलपत्र स्वीकृतिको आशयको प्रयोजनको लागी छनौट भएको हुदा सार्वजनीक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकासित गरिएको छ ।

**तपशिल**

| क्र.स. | ठेक्का न. | निर्माण कार्यको विवरण | निर्माण व्यवसायिको नाम, ठेगाना | कबोल अंक (मु.अ.क.वाहेक) |
|---|---|---|---|---|
| १. | NTPO/Chaurjahari/ Works/NCB-04-078/79 | Road upgradation and construction of black topped road from Kurol-Mission hospital-Nakhira pipal bot at Chaurjahari | Puspanjali/P.S JV Naubasta-8 Banke | ३,६३,९०,६६१।२० |
| २. | NTPO/Chaurjahari/ Works/NCB-05-078/79 | Installation of Solar light in Chaurjahari Municipality | G-Tech Construction and Engineering Hetauda | ३,०१,३२,७००।०० |

**आयोजना प्रमुख**

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**